# सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन

मनोजकुमार चालिसे
त्रि.वि.दर्ता नं.९-२-२३३-३५-२००५
परीक्षा क्रमाङ्क :२३३००९८/२०६७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस,नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रोवर्षको नेपा. शि. ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनका निमित्त प्रस्तुत

**शोधपत्र**

२०७१/२०१४

नेपाली भाषा शिक्षा विभाग
सिन्धुली बहुमुखी क्याम्पस
सिन्धुली

# शोधनिर्देशकको सिफरिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पसअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको नेपाली शब्दभण्डार क्षमताको अध्ययन शीर्षकको शोधपत्र शोधार्थी मनोजकुमार चालिसेले मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजद्वारा कडा परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

सन् ३० जुलाई २०१४

उपप्रा.अर्जुनप्रसाद पौडेल
शोधनिर्देशक
सिन्धुली बहुमुखी क्याम्पस
सिन्धुली

# कृतज्ञताज्ञापन

स्नातकोत्तर तहमा शोधकार्यले महत्वपूर्ण भूमिका खेल्दछ । यो जटिल तर सम्पन्न गर्न नसकिने विषय भने होइन । यसर्थ यस कार्यका लागि अभिप्रेरित गर्नुहुने नेपाली विषय विभागका सम्पूर्ण आदरणीय गुरुहरुप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्न आफ्नो अमूल्य सुझाव, समय, स्वीकृति तथा उचित मार्गनिर्देश गर्नुहुने आदरणीय विभागीय प्रमुख एवम् शोधनिर्देशक गुरु उपप्राध्यापक अर्जुनप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै अन्य गुरुहरु भानुभक्त गुरुङ एवम् कृष्णप्रसाद निरौलाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आवश्यक सामग्री जुटाउने क्रममा सहयोग गर्नुहुने विभिन्न विद्यालय, शिक्षक, विद्यार्थी, विज्ञ, विद्वान, गुरु एवम् अभिभावक तथा मेरा परिवारजनप्रति पनि हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु । साथै शोधपत्र टाइप तथा सेटिङमा सहयोग गर्ने आयुशा बुक्स एण्ड स्टेशनरी, सिन्धुलीलाई पनि धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका लागि पेश गर्दछु ।

शोधार्थी
मनोजकुमार चालिसे
नेपाली भाषा शिक्षा विभाग
सिन्धुली बहुमुखी क्याम्पस,
सिन्धुली

## शोधसार

| | |
|---|---|
| **शोध शीर्षक** | सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन |
| **शोधार्थी** | मनोज कुमार चालिसे |
| **शोध निर्देशक** | उपप्राध्यापक अर्जुनप्रसाद पौडेल |
| **क्याम्पस/विभाग** | नेपाली भाषा शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस, सिन्धुली । |
| **अध्याय** | चार |
| **शैक्षिक वर्ष** | २०६५/२०६७ |

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपाशि. ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनार्थ तयार पारिएको हो ।

यस अध्ययनको उद्देश्य सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको पठित शब्दभण्डार क्षमताको पहिचान गर्नु र उक्त विद्यार्थीहरुलाई विद्यालयको स्वरुप (सरकारी र निजी), लैङ्गिक दृष्टि (छात्र/छात्रा) भाषिक पृष्ठभूमि (पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने) का आधारमा शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन रहेको छ ।

शब्दभण्डार क्षमताको पहिचान गर्न सिन्धुली जिल्लाभित्रका सरकारी र निजी विद्यालयअन्तर्गत ४/४ ओटा विद्यालयका १६/१६ जना विद्यार्थीको दरले जम्मा १२८ जना विद्यार्थीहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ। पहिचानात्मक शब्दभण्डार क्षमता पहिचान गर्न ४० ओटा प्रश्न र उत्पादनात्मक शब्दभण्डार क्षमता परीक्षण गर्न ३० ओटा प्रश्न गरी जम्मा ७० ओटा प्रश्न समावेश भएका प्रश्नपत्र निर्माण गरी परीक्षण गरिएको छ। प्राप्ताङ्कको आधारमा मध्यमान, प्रतिशत र मानकविचलनजस्ता साङ्ख्यिकीको प्रयोग समेत गरिएको छ । यस शोधपत्रलाई निम्नलिखित चार अध्यायहरुमा विभाजन गरी अध्ययन गरिएको छः–

परिचय, शब्दभण्डारको सैद्धान्तिक अवधारणा, व्याख्या तथा विश्लेषण र निष्कर्ष तथा सुझावहरु ।

**शोधको समस्या**

(क) कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमता कस्तो छ ?

(ख) पहिलो र दोस्रो भाषाका रूपमा नेपाली पढ्ने कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमता तुलनात्मक रूपमा कस्तो छ ?

(ग) छात्र र छात्राको शब्दभण्डार क्षमता तुलनात्मक रूपमा कस्तो छ ?

(घ)निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतामा के-कस्तो अन्तर छ ?

## शोधको उद्देश्य

(क) कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

(ख) पहिलो र दोस्रो भाषाका रूपमा नेपाली पढ्ने कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

(ग) छात्र र छात्राको शब्दभण्डार क्षमताको तुलनात्मक पहिचान गर्नु,

(घ) निजी र सरकारी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलना गर्नु ।

### शोध निष्कर्ष

परीक्षणका आधारमा निम्नलिखित निष्कर्षहरु निकालिएको छ :

समग्र शब्दभण्डार क्षमतालाई दृष्टिगत गर्दा बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेको, सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, छात्रको तुलनामा छात्रा विद्यार्थीको शब्दभण्डार क्षमता केही राम्रो रहेको, नेपाली दोस्रो भाषा हुने विद्यार्थीको तुलनामा नेपाली भाषा पहिलो हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता सबल रहेको, उत्पादनात्मकभन्दा पहिचानात्मक शब्दभण्डार क्षमता बढी रहेको तथ्य यस अध्ययनले निकालेको छ ।

उपर्युक्त निष्कर्षका आधारमा पाठ्यक्रम विकास केन्द्र, नेपाल सरकार, पाठ्यक्रम निर्माणकर्ता एवम् पाठ्यपुस्तक लेखकहरुले भाषिक सीप विकासमा जोड दिने खालका उपयुक्त शब्दभण्डार समावेश गराउनु पर्ने, विषयवस्तुको स्तरणमा ध्यान दिनुपर्ने, विद्यार्थीको उमेर, रुचि, स्तर, क्षमता र आवश्यकतालाई मध्यनजर राख्दै भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार चयन गरी छुट्टाछुट्टै पाठ्यपुस्तक निर्माण गर्नुपर्ने कुरामा सचेतता अपनाउनु पर्ने तथा सरकारी र निजी दुबै क्षेत्रका शिक्षकहरुलाई समान तालिमको व्यवस्था गरी अध्यापन कार्यमा एकरुपता ल्याई नेपाली भाषालाई सक्षम र राष्ट्रभाषाको रुपमा शुद्ध एवम् मजबुत

भाषाको रुपमा विकास गर्दै लैजानु पर्ने कुरामा सम्बन्धित सबै पक्षको ध्यान पुग्न जरुरी देखिन्छ ।

# विषयसूची


सिफरिसपत्र
स्वीकृतिपत्र
कृतज्ञताज्ञापन
शोधसार
संक्षेपीकृतसूची
चिन्हसूची
तालिकासूची

**अध्याय एक**
**शोधपरिचय**

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | १ |
| १.३ उद्‌देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २-७ |
| १.५ अध्ययनको औचित्य | ७-८ |
| १.६ अध्ययनको सीमा | ८ |
| १.७ अध्ययन विधि | ८-१२ |
| १.७.१ जनसङ्ख्या | ९ |
| १.७.२ प्रतिनिधि नमुना | ९ |
| १.७.३ सामग्री निर्माण | ९ |
| १.७.४ पूर्व परीक्षण | ९-१० |
| १.७.५ परीक्षणको कार्यान्वयन | १०-११ |
| १.७.६ तथ्यको सङ्कलन | ११ |
| १.७.७ तथ्यको विश्लेषण | ११-१२ |
| १.८ अध्ययनको रुपरेखा | १२ |

**अधयाय दूई**
**शब्दभण्डारको सैद्‌धान्तिक अवधारणा**

| | |
|---|---|
| २.१ नेपाली भाषा | १३-१७ |
| २.२ नेपाली भाषाको शब्दभण्डार | १७-१८ |
| २.३ नेपाली शब्दभण्डारको वर्गकिरण | १८ |
| २.३.१ परम्परागत | १८-२१ |
| २.३.२ कार्यगत | १९ |
| २.३.३ रुपात्मक | १९ |
| २.३.४ कोशीय र संरचनात्मक | १९-२१ |
| २.४ शब्दभण्डारको महत्व | २२-२४ |
| २.५ शब्दभण्डार भाषा पाठ्यपुस्तकको सम्बन्ध | २४-२५ |

**अध्याय तीन**
**व्याख्या तथा विश्लेषण**

| | |
|---|---|
| ३.१ समग्रताका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति | २६ |

३.२ समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति २७-२८
३.३ पहिचानात्मक तथा उत्पादनात्मक शब्दभण्डार क्षमताको स्थिति २९-३३
३.४ शब्दभण्डार क्षमताका विभिन्न समूहहरुको स्थिति ३४-३६
३.५ समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक स्थिति ३७-४२

**अध्याय चार**
**निष्कर्ष, सुझाव र उपयोगिता**

४.१ निष्कर्ष ४३-४६
४.२ सुझाव ४७-४८
४.३ उपयोगिता ४८-४९
४.३.१ नीतिगत तह ४९
४.३.२ प्रयोगगत तह ४९
४.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरु ५०
**सन्दर्भसूची**
**परिशिष्ट**

# तालिकासूची

१. शब्दभण्डार क्षमताको समग्र स्थिति २६
२. समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमतामा विभिन्न समूहहरुको स्थिति २७
३. पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति २९
४.समग्र मध्यमानका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति २९
५. उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति ३१
६. समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति ३२
७. सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको समग्र शब्दभण्डार क्षमताको तुलना ३४
८. लिङ्गत दृष्टिले सरकारी र निजी विद्यालयका छात्रहरूको समग्र शब्दभण्डार क्षमताको तुलना ३५
९.लिङ्गत दृष्टिले सरकारी र निजी विद्यालयका छात्राहरूको समग्र शब्दभण्डार क्षमताको तुलना ३५
१०. भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा पहिलो भाषाका रूपमा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन ३५
११. भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा दोस्रो भाषाका रूपमा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन ३६
१२.समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ३७
१३. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको तुलना ३७
१४. लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरूको तुलना ३८
१५. भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ३८
१६. भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ३९
१७. समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको तुलना ४०
१८.लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरूको शब्दभण्डार क्षमताको तुलना ४०
१९. .लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरूको शब्दभण्डार क्षमताको तुलना ४१
२०. भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली भाषा पहिलो हुने सरकारी र निजी विद्यायलका विद्यार्थीहरूको तुलना ४१
२१. भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली भाषा दोस्रो हुने सरकारी र निजी विद्यायलका विद्यार्थीहरूको तुलना ४२

**चिह्न सूची**

| | |
|---|---|
| / | विभाजक/विकल्प रुप |
| - | निर्देशक/समस्त पदसङ्केत |
| ( ) | कोष्ठक चिह्न/गौण सङ्केत |
| . | बराबर |
| “ ” | उद्धरण चिह्न |
| , | अल्पविराम |
| ; | अर्धविराम |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक चिह्न |
| ! | उद्‌गार चिह्न |
| : | निर्देशन चिह्न |

## सङ्क्षेपीकृत शव्दसूची

| | |
|---|---|
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| वि.सं. | विक्रम सम्वत |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| डा. | डाक्टर |
| नेपा.शि. | नेपाली शिक्षा |
| प्र.अ. | प्रधानाध्यापक |
| मा.वि. | माध्यमिक विद्यालय |
| उ.मा.वि.: | उच्च माध्यमिक विद्यालय |
| इ.सं. | इस्वी सम्वत |

# अध्याय एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

भापिक विनिमयमा शब्दभण्डारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा विना जसरी मानव लाटो हुन्छ त्यसरी नैं शब्दभण्डार बिना भाषा पनि सार्थक बन्न सकतैन । भाषाले अभिव्यक्ति र ग्रहण दुवै क्षमता  परिपक्व बनाउँछ । यसमा शब्दभण्डारले प्राणको काम गरेको हुन्छ । यद्दपि भाषा प्रयोगमा विभिन्न शब्दहरूको आवश्यकता पर्दछ । ती शब्दहरू विभिन्न स्रोतबाट आएका हुन्छन् । यसर्थ शब्दभण्डार वृद्धि र क्षमतामा भाषिक प्रयोक्ताको व्यक्तित्व प्रष्टिन्छ । यसर्थ पनि विद्यार्थीहरूमा यथेष्ट मात्रामा शब्दभण्डारको आवश्यकता पर्दछ । नेपाली भाषा पठनपाठनको भाषा भएको र यसै भाषामा पाठ्यवस्तु तथा विविध भाषिक, सांस्कृतिक, सामाजिक, वैज्ञानिक, शैक्षिक, राजनैतिक एवम् अन्तर्राष्ट्रिय क्षेत्रबाट विविध विधागत विषयवस्तु छनोट र स्तरण भई पाठ्यक्रममा समावेश हुने भएकाले शब्दभण्डार क्षमताको अध्ययन निरन्तरको आवश्यकता बन्न गएको हो । यसै सन्दर्भमा कक्षा सात उत्तीर्ण विद्यार्थीहरूको नेपालवी शब्दभण्डार क्षमताको अध्ययन र अध्ययनमा संलग्न विविध भाषिक पृष्टभुमिका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन सान्दर्भिक रहेको पृष्ठभूमिमा प्रस्तुत शोधपत्र तयार हुन पुगेको हो ।

## १.२ समस्याकथन

कुनैपनि भाषामा शब्दभण्डार शिक्षणको महत्वपूर्ण भूमिका रहने हुँदा नेपाली भाषामा पनि शब्दभण्डार शिक्षणलाई निकै प्राथमिकताका साथ हेर्ने गरिन्छ । साहित्यका सबै विधाको शिक्षणमा शब्दभण्डार उपयुक्त पाठ्यवस्तुको रुपमा रहन सक्दछ । भाषालाई सशक्त र समृद्ध बनाउन पनि शब्दभण्डारको उत्तिकै महत्व रहको हुन्छ । अझ व्यवहारिक जीवन सञ्चालनमा शब्दभण्डार क्षमताले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शब्दभण्डार कै आपसी संयोजन र सङ्गतिबाट भाषाले पूर्णता पाउने भएकाले शब्दभण्डारलाई पाठ्यवस्तुको प्राज्ञिक विशेषता नै मानिन्छ । अतः शब्दभण्डारसँग सम्बन्धित प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा आधारित रहेको छ :

(क) कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमता कस्तो छ ?

(ख) पहिलो र दोस्रो भाषाका रुपमा नेपाली पढ्ने कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमता तुलनात्मक रुपमा कस्तो छ ?

(ग) छात्र र छात्राको शब्दभण्डार क्षमता तुलनात्मक रुपमा कस्तो छ ?

(घ) निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमतामा के कस्तो अन्तर छ ?

## १.३ उद्देश्य

उद्देश्यविहीन कुनैपनि कार्य असफल हुने हुँदा प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

(क) कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

(ख) पहिलो र दोस्रो भाषाका रुपमा नेपाली पढ्ने कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

(ग) छात्र र छात्राको शब्दभण्डार क्षमताको पहिचान गर्नु,

(घ) सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको तुलना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

शब्दभण्डार क्षमतासम्बन्धी विगतमा भएका शोधकार्यको अध्ययनबाट यस अध्ययनलाई केही मार्गनिर्देशन हुने भएकाले यसमा केही त्यस्ता शोधपत्रको समीक्षात्मक प्रस्तुति दिने प्रयास गरिएको छ । अनुसन्धानकर्ता संलग्न रहेको क्षेत्रमा अग्रज अनुसन्धानकर्ताले के–कति कार्यहरु सम्पन्न गरेका छन् र कस्तो निष्कर्ष निकालेका छन् ? जस्ता प्रश्नको उत्तर प्राप्त गरेर टुङ्गोमा पुग्नका लगि पूर्वकार्यको अध्ययनले सहयोगी भूमिका निर्वाह गर्न सक्छ । साथै सैद्धान्तिक अवधारणा वा पृष्ठभूमि प्रदान गर्न पनि पूर्वकार्यले दरिलो टेवा प्रदान गर्न सक्छ । पूर्वकार्यको समीक्षाले समस्याको विशिष्टीकरण गर्न सिकाउनुका साथै प्राक्कल्पनाको निर्माण गर्न, पुनरावृत्तिको सम्भावनालाई हटाउन, सम्भावित त्रुटिबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन र शोधको आवश्यक्ता बोध गराउन सहयोग गर्छ। अतः शब्दभण्डार क्षमतासम्बन्धी हालसम्म भएका अध्ययन अनुसन्धानको सङ्क्षिप्त विवरण यसप्रकार रहेको छ :

सर्वप्रथम शब्दभण्डारसम्बन्धी अध्ययन सन् १९२१ मा थर्नडाइकले गरेका थिए । त्यसैगरी विद्वान हर्नले प्रौढहरुको शब्दभण्डारसम्बन्धी अध्ययन गरेका थिए । त्यस्तै सन् १९३६ मा डोल्थाले गरेको, सन् १९४५ मा रिन्सलैण्डले गरेको, सन् १९४६ मा एडवार्स र मिमियाले गरेको, सन् १९५९ मा प्याजेले अध्ययन-अनुसन्धान पनि शब्दभण्डारसम्बन्धी नै रहेका थिए । यी अध्ययनहरु शब्दभण्डारका प्रारम्भिक र महत्वपूर्ण नमुना मानिन्छन् ।

सन् १९८७ मा भारतको रीष्ट्रय शैक्षिक अनुसन्धान र प्रशिक्षण परिषद्का प्रा.डा. कृष्णगोपाल रस्तोगीले युनेस्को सहयोगमा त्रि.वि. शिक्षा अनुसन्धान तथा प्रवर्तन केन्द्रका लागि शब्दभण्डारसम्बन्धी अनुसन्धान गरेका थिए । उक्त अनुसन्धानको शीर्षक **"**Project on Evaluation of Mahendra Mala Series for class 1-5" रहेको छ । यस अध्ययनमा उक्त पाठ्यपुस्तकहरुमा बालबालिकाको क्षमता वा स्तरलाई ख्याल नगरिकन शब्द छनौट गरिएको, छनौट र स्तरणको नियमलाई अनुसरण नगरिएको, अव्यवहारिक शब्दहरुलाई बढी प्राथमिकता दिइएको निष्कर्ष निकालिएको छ । यस अध्ययनलाई शब्दभण्डारसम्बन्धी गरिएको एउटा प्रेरणादायी नमुना मान्न सकिन्छ ।

शब्दभण्डारमा मात्र केन्द्रित भएर गरिएको पहिलो अनुसन्धान राजेन्द्रकुमार रङ्गोलको **"**A Study of the spoken Vocabulary of the Choldren' (सन् १९८३) हो । यो अध्ययन प्राथमिक तहको उमेर समूहका बालबालिकाहरुको मौखिक प्रयोगमा आउने शब्दको पहिचान गर्ने कार्यको लागि निकै उपयोगी देखिन्छ ।

शब्दभण्डारमा मात्र केन्द्रित भएर गरिएको अर्को महत्वपूर्ण अनुसन्धान प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा.डा. केदारप्रसाद शर्माद्वारा तयार पारिएको 'कक्षा तीन पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन' गरिएको छ । अहिलेसम्म भएका अनुसन्धानमध्ये व्यवस्थित र भरपर्दो मानिने यस अनुसन्धानमा विद्वान द्वयले शब्दभण्डार क्षमता सन्तोषजनक रहेको, छात्र र छात्रा बीचको शब्दभण्डार क्षमतामा तात्विक अन्तर नरहेको, पहिलो र दोस्रो भाषाका रुपमा नेपाली सिक्ने विद्यार्थीहरुको शब्दभण्डार क्षमता पनि सन्तोषजनक नै रहेको निष्कर्ष निकालेका छन् । उक्त अध्ययन काठमाडौं शिक्षा क्याम्पसको लघु अनुसन्धान परियोजनाअन्तर्गत वि.सं. २०५२ मा गरिएको थियो ।

गोपीकृष्ण काफ्लेद्वारा(२०५४)मा तयार पारिएको 'कक्षा एकको मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरुको अध्ययन' शीर्षकको शोधपत्र निकै उल्लेखनीय मानिन्छ । उक्त शोधपत्रमा

छनौट र स्तरणको मान्यतालाई ख्याल नगरिएको, छनौटमा हचुवापन देखिएको र आवृत्तिमा पनि बेवास्ता गरिएको निष्कर्ष निकालिएको छ ।

होमप्रसाद आचार्यद्वारा(२०५४)मा गरिएको 'कक्षा पाँच पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकको शोधपत्रमा आचार्यले पहाड, तराई र काठमाडौंका विद्यार्थीहरुमध्ये तुलनात्मक रुपमा काठमाडौंका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको, छात्र र छात्राको शब्दभण्डार क्षमता समान रहेको र पहिलो भाषा नेपाली हुने विद्यार्थीहरुको तुलनामा दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको निष्कर्ष निकालेका छन् । वि.सं. २०५४ मा नै हिमलाल गिरीद्वारा 'स्तर अनुरुपताका दृष्टिले मेरो नेपाली किताब कक्षा ४ मा प्रयुक्त शब्दभण्डारको विश्लेषण' शीर्षकमा गरिएको अनुसन्धानमा शब्दहरु समानुपातिक रुपमा प्रयोग नभएका, तत्सम शब्दहरुको बहुलता रहेको, नाम र अव्यय शब्दहरुको प्रयोग सन्तोषजनक रहेको, सर्वनाम र विशेषण शब्दहरु पचास प्रतिशतभन्दा माथि रहेका, क्रियापद र आगन्तुक शब्दहरु स्तरअनुरुप नभएको निष्कर्ष निकालिएको छ ।

शिवकुमार गौतम(२०५५)द्वारा 'कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट शब्दभण्डाको अध्ययन' शीर्षकमा गरिएको अनुसन्धानमा शब्दवर्गलाई समानुपातिक स्थान नदिइएको, पाठको लम्बाइमा एकरुपता नरहेको, छनौट र स्तरणमा ध्यान नदिइएको निष्कर्ष निकालिएको छ । वि.सं. २०५७ मा पूर्णबहादुर कार्कीद्वारा तयार पारिएको 'कक्षा दुईको मेरो नेपाली किताबमा समाविष्ट शब्दभण्डारको विश्लेषण' शीर्षकको अनुसन्धान पनि निकै महत्वपूर्ण मानिएको छ । यस अध्ययनमा शब्दभण्डारलाई समानुपातिक स्थान नदिइएको, शब्दप्रयोग सन्तोषजनक रुपमा वितरण नभएको, शब्दहरुको अनावश्यक आवृत्ति भएको र कठिन शब्दहरुको बाहुल्यताले पुस्तक बोझिलो भएको निष्कर्ष निकालिएको छ । सीता ज्ञवाली(२०५९)द्वारा 'कक्षा ६ को हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरुको आवृत्तिको अध्ययन' शीर्षकको आफ्नो शोधकार्य पूरा गरिएको छ । उक्त शोधकार्यमा ज्ञवालीद्वारा शब्दहरुको आवृत्तिक्रम सन्तुलित रुपमा नमिलेको, ३० पटकसम्म एउटा शब्दको आवृत्ति भएको, शिक्षणीय दृष्टिले ज्यादै कठिन शब्दहरु पनि रहेका र छनौटका दृष्टिले उचित छनौट नभएको जस्ता निष्कर्ष निकालिएको छ ।

केशवराज अधिकारी(२०६०)द्वारा 'कक्षा ८ पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा गरिएको अनुसन्धानमा पनि शब्दभण्डार क्षमता सन्तोषप्रद नरहेको, तुलनात्मक रुपमा ग्रामीण क्षेत्रका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको, छात्राहरुको शब्दभण्डार क्षमता अगाडि रहेको, दोस्रो भाषाका रुपमा नेपाली पढ्नेहरुको शब्दभण्डार क्षमता कमजोर रहेको र पहिचानात्मक शब्दभण्डार क्षमतामा विद्यार्थीहरु निकै कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

शब्दभण्डारसम्बन्धी गहन अध्ययन वि.सं. २०६० सालमा पारसमणि भण्डारीद्वारा गरिएको पाइन्छ । भण्डारीले विद्यावारिधि उपाधिको प्रयोजनका लागि 'प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरुको आधारभूत नेपाली शब्दभण्डारको निरुपण' शीर्षकको शोधपत्र तयार पारेका हुन् । भण्डारीले आफ्नो शोधपत्रमा पाठ्यपुस्तकभित्र समावेश गरिएका प्रत्येक पाठका अन्त्यमा दिइने अभ्यासमूलक शब्दलाई अकारादि क्रममा नराखिएको, पाठ्यक्रमले अपेक्षा गरेअनुसारको सामग्री पाठ्यपुस्तकमा उपलब्ध हुन नसकेको, कक्षागत रुपमा शब्दभण्डारको सङ्ख्या निर्धारण गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकबीच तालमेल हुन नसकेको, पाठ्यक्रमले अपेक्षा गरेअनुसारको सामग्री पाठ्यपुस्तकमा उपलब्ध हुन नसकेको, पाठ्यक्रमले शब्दभण्डार शिक्षणका सन्दर्भमा बालशब्दकोशको प्रयोग गर्ने सीपको अपेक्षा गरे पनि शब्दकोश हेर्ने, पढ्ने सीपको प्रारम्भिक जानकारीसम्बन्धी अभ्यास पाठ्यपुस्तकभित्र कहीं कतै पनि नदिइएको, कक्षागत रुपमा कतिपय शब्दहरु स्तरअनुकूल नभएको निष्कर्ष निकालेका छन् ।

शब्दभण्डारसँग सम्बन्धित अर्को शोधपत्र वि.सं. २०६१ सालमा दामोदर ढुङ्गेलले 'काठमाडौं उपत्यकाका कक्षा पाँचमा अध्ययनरत सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमतामा छात्रभन्दा छात्रा अगाडि रहेको र भाषिक पृष्ठभूमिले शब्दभण्डार क्षमतामा असर नगरेको उल्लेख गरेका छन् । उक्त अध्ययन लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलनामा केन्द्रित छ । ढुङ्गेलले शब्दभण्डार क्षमतामा छात्र भन्दा छात्रा अगाडि रहेको, सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता राम्रो रहेको र भाषिक पृष्ठभूमिले शब्दभण्डार क्षमतामा असर नगरेको उल्लेख गरेका छन् ।

वि.सं. २०६२ सालमा अञ्जु अर्याल(२०६२)द्वारा 'कक्षा सात पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा भएको अनुसन्धानमा समग्र शब्दभण्डार क्षमता हेर्दा बहुसङ्ख्यक विद्यार्थी मध्यमान भन्दा तल रहेका, ग्रामीण क्षेत्रका भन्दा सहरी क्षेत्रका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको, सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको, छात्रभन्दा छात्राको शब्दभण्डार क्षमता अगाडि रहेको, उत्पादनात्मकभन्दा पहिचानात्मक शब्दभण्डार क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

राधा पौडेल(२०६४)द्वारा तयार पारिएको शोधपत्रमा समग्र शब्दभण्डार क्षमतामा बहुप्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका, सहरी क्षेत्रका धेरैजसो विद्यार्थीहरु मध्यमानभन्दा माथि र ग्रामीण क्षेत्रका धेरैजसो विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका, छात्रहरुको शब्दभण्डार क्षमता सन्तोषजनक भएपनि छात्राहरुको शब्दभण्डार क्षमता अत्यन्त नाजुक रहेको, सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको र पहिलो भाषा नेपाली हुनेहरुको शब्दभण्डार क्षमता सन्तोषप्रद रहे पनि दोस्रो भाषा नेपाली हुनेहरुको शब्दभण्डार क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

ज्ञानेश्वर सुवेदी(२०६५)द्वारा शब्दभण्डार क्षमतासम्बन्धी तयार पारिएको शोधपत्रमा समग्र शब्दभण्डार क्षमतामा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषाका रुपमा नेपाली बोल्ने विद्यार्थीहरुमध्ये निजी विद्यालयका भन्दा सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता माथि रहेको, दोस्रो भाषाका रुपमा नेपाली बोल्ने विद्यार्थीहरु मध्ये निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता समान रहेको, पहिचानात्मक शब्दभण्डार क्षमतामा पनि निजी र सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता समान रहेको र उत्पादनात्मक शब्दभण्डार क्षमतामा भने सरकारी विद्यालयका भन्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको निष्कर्ष निकालिएको छ । वेणु खतिवडा(२०६६)द्वारा तयार पारिएको तनहूँ जिल्लाका 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको शब्दभण्डारको क्षमताको अध्ययन' शीर्षकको शोधपत्रमा तनहूँ जिल्लाका कक्षा सातका विद्यार्थीहरुको शब्दभण्डार क्षमतालाई हेर्दा मध्यमानभन्दा तल र माथि

५०/५० प्रतिशत विद्यार्थीहरु देखिएका छन् भने छात्रातर्फ भने ५३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेको कुरा उल्लेख गरेका छन् । यसरी  नै सरकारी र निजी विद्यालयतर्फको शब्दभण्डार क्षमता हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा तल र निजी विद्यालयका अत्यधिक विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेका छन् । यसबाट सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता निकै कमजोर र निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता पर्याप्त सन्तोषजनक रहेको कुरा यस शोधपत्रमा निष्कर्ष निकालिएको छ ।

वि.सं. २०६७ सालमा अशोदाकुमारी श्रेष्ठ(२०६७)द्वारा तयार पारिएको 'सिन्धुली जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुले शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन' मा ५८.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेको र ४१.६७ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेको कुरा उल्लेख छ । लिङ्गगत दृष्टिमा छात्रको तुलनामा छात्राको शब्दभण्डार क्षमता केही उच्च रहेको,  निजी विद्यालयको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता उच्च रहेको, सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता भने सरकारी विद्यालयका विद्यार्थीहरु निजी विद्यालयका विद्यार्थीहरुभन्दा निकै अगाडि रहेको देखाइएको छ । समग्रमा पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी विद्यालयका विद्यार्थीहरु नै सबल रहेको कुरा उक्त अध्ययनमा उल्लेख गरिएको छ ।

यसरी विभिन्न समस्यामा आधारित रहेर गरिएका उल्लिखित शोधपत्रलाई शब्दभण्डारसम्बन्धी भएका महत्वपूर्ण अध्ययनका रुपमा लिन सकिन्छ । यी अध्ययनले पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, शिक्षण सिकाइ प्रक्रियामा निश्चय नै सहयोग पुऱ्याउने निश्चित छ । उक्त अध्ययनबाट विद्यार्थीहरुको रुचि, क्षमता, स्तर आदिका आधारमा पाठ्यपुस्तक निर्माण गर्ने कार्यमा समेत टेवा पुगेको देखिन्छ । तसर्थ यसप्रकारका अनुसन्धानहरु निरन्तर रुपमा भइरहनुपर्ने खाँचो देखिन्छ । यद्यपि शब्दभण्डारसम्बन्धी शोधहरु अझैं पनि न्यून रुपमा रहेका छन् । शब्दभण्डारसम्बन्धी अध्ययन–अनुसन्धान यथेष्ट मात्रामा हुन सकेको देखिंदैन । अतः प्रस्तुत शोधकार्यले सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमता कस्तो छ भन्ने तथ्यपरक निष्कर्ष निकालेको छ ।

## १.५ अध्ययनको औचित्य

बोध र अभिव्यक्ति दुबैको प्रमुख माध्यम भाषा हो । भाषामा शब्द प्रयोगको झनै ठूलो महत्व हुन्छ । भाषाका चार सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मा सक्षम हुन, भाषाको गहिराई बुझ्न र साहित्यिक अभिव्यक्तिको विकास गर्न शब्दभण्डारको ज्ञान हुनु आवश्यक छ । नेपाली भाषा सिक्ने र सिकाउने क्रममा शब्दभण्डारको ज्ञान हुनु अत्यावश्यक मानिन्छ । अतः कक्षा सातको नेपाली किताबमा प्रयुक्त शब्दहरुको श्रोत र वर्गको पहिचान गर्दै उक्त शब्दहरुको आवृत्ति, गणना र श्रोतगत विवरण देखाएर ती शब्दहरुलाई पाठ्यपुस्तक निर्माणको कसीमा राखेर अध्ययन गरिने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहको देखिन्छ । यसका साथै प्रस्तुत अधययनको औचित्यलाई बुँदागत रुपमा निम्न ढंगबाट प्रस्तुत गर्न सकिन्छ :

(क) कक्षा सातका लागि निर्धारण गरिएको नेपाली भाषाको पाठ्यपुस्तकमा समावेश गरिएका शब्दभण्डारमा सिन्धुली जिल्लाका सम्बन्धित कक्षाका विद्यार्थीको सामर्थ्य पहिल्याइएको छ ।

(ख) कक्षा सातको पाठ्यपुस्तकमा समावेश भएका शब्दहरु विद्यार्थीका बोध र शैक्षिक स्तर-अनुरुप भए नभएको पत्ता लगाएर त्यसमा निहीत कमी कमजोरी केलाई सुधारको उपाय पेश गरिएको छ ।

(ग) विद्यालयको स्वरुप, भाषिक पृष्ठभूमि र लिङ्गगत आधारमा शब्दभण्डार क्षमताको तुलनात्मक विश्लेषण गरिएको हुँदा पाठ्यक्रम निर्माता, पाठ्यपुस्तक लेखक र अन्य जिज्ञासुहरुका लागि प्रस्तुत अध्ययन महत्वपूर्ण भएकोले यस अध्ययनको औचित्य स्वतः प्रमाणित हुन्छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत अध्ययनका सीमाहरु निम्न छन् :

(क) प्रस्तुत अध्ययन कक्षा सातको 'हाम्रो नेपाली' पुस्तकमा प्रयुक्त शब्दभण्डारको विश्लेषणमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन सिन्धुली जिल्लाभित्रका ४ निजी र ४ सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको परीक्षणमा सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन ८ ओटा विद्यालयका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययनमा सीमित रहेको छ ।

(घ) जम्मा ८ ओटा विद्यालयका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमताको परीक्षणबाट प्राप्त तथ्यको विश्लेषणमा प्रस्तुत अध्ययन सीमित रहेको छ ।

## १.७ अध्ययन विधि

### १.७.१ जनसङ्ख्या

कुनै पनि अध्ययन-विश्लेषण गर्नका लागि जनसङ्ख्याको आवश्यकता पर्दछ । त्यसर्थ यस अध्ययनमा विद्यालयको व्यवस्थाअनुसार शैक्षिक सत्र २०६८ मा कक्षा सात उत्तीर्ण सिन्धुली जिल्लाका निजी र सरकारी क्षेत्रका विद्यालयका विद्यार्थीहरुलाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

### १.७.२ प्रतिनिधि नमुना

प्रतिनिधि नमुनाले जनसङ्ख्याको पूर्णरुपमा प्रतिनिधित्व गर्दछ । कुनैपनि अनुसन्धानको व्याख्या-विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट प्रतिनिधिस्वरुप लिइएको नमुनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । प्रस्तुत अध्ययनमा सिन्धुली जिल्लाका ४ ओटा निजी र ४ ओटा सरकारी विद्यालय गरी जम्मा ८ ओटा विद्यालयहरु छनौट गरिएको छ । उक्त ८ ओटा विद्यालयहरुमा कक्षा सात उत्तीर्ण विद्यार्थीहरुलाई विद्यालयको स्वरुप (सरकारी र निजी), लैङ्गिक दृष्टिमा (छात्र–छात्रा), भाषिक पृष्ठभूमिमा (नेपाली पहिलो भाषा र दोस्रो भाषा हुने) आधारमा वर्गीकरण गरिएको छ ।

### १.७.३ सामग्री निर्माण

प्रस्तुत अध्ययन विद्यार्थीहरुको शब्दभण्डार क्षमता पहिचानमा केन्द्रित रहने हुँदा कक्षा सातको हाम्रो नेपाली किताबमा प्रयुक्त शब्दहरुलाई सूचीबद्ध गरी ती शब्दहरुलाई शब्द वर्गमा विभाजित गरिएको छ । विभाजित शब्दहरुको छुट्टाछुट्टै सूची तयार गरी हरेक वर्गका शब्दहरुको प्रतिनिधित्व हुने गरी प्रश्नहरु निर्माण गरिएको छ ।

प्रश्नहरु खण्ड 'अ' र 'आ' गरी दुई खण्डमा विभाजन गरिएको छ । खण्ड 'अ' मा पहिचानात्मक प्रकृतिका (बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने) प्रश्नहरु राखिएका छन् भने खण्ड 'आ' मा उत्पादनात्मक प्रकृतिका (वाक्यमा प्रयोग गर्ने, पर्यायवाची शब्द लेख्ने, विपरीतार्थी शब्द लेख्ने) प्रश्नहरु तयार पारिएका छन्। खण्ड 'अ' मा ४० ओटा र खण्ड 'आ' मा ३० ओटा गरी जम्मा ७० ओटा प्रश्नहरु निर्माण गरिएको छ।

### १.७.४ पूर्वपरीक्षण

प्रश्नपत्र निर्माणपश्चात् शोध निर्देशक तथा विशेषज्ञहरुको आवश्यक राय सुझावअनुसार संशोधन र सम्पादन गरेर जम्मा २० जना विद्यार्थीहरु समक्ष उक्त प्रश्नहरुको पूर्वपरीक्षण गरिएको छ । पूर्वपरीक्षण पश्चात् प्रश्नहरुको विश्लेषण गरी कठिनाइस्तर तथा विभेददर्शी सूचक प्रश्नहरु समावेश गरिएको छ । त्यसपश्चात् मात्र प्रश्नपत्रलाई अन्तिम रुप दिई परीक्षणका लागि तयार पारिएको छ । प्रश्नहरुको विश्लेषणमा निम्न सूत्रको प्रयोग गरिएको छ :

**१. प्रश्नहरुको कठिनाईस्तर पत्ता लगाउने सूत्र :**

$$P = \frac{R}{T} \times 100$$

यहाँ, P. प्रश्नको कठिनाइस्तर

R= सही उत्तर दिने विद्यार्थीको सङ्ख्या

T= कूल विद्यार्थी सङ्ख्या

**२. विभेददर्शीसूचक पत्ता लगाउने सूत्र :**

$$D = \frac{Ru - RL}{\frac{1}{2}T}$$

यहाँ, D= विभेददर्शीसूचक

Ru= उच्च समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या

RL= निम्नस्तरीय समूहमा सही उत्तर दिने विद्यार्थी सङ्ख्या

T= उच्च र निम्नस्तरीय समूहमा कूल विद्यार्थी सङ्ख्या

### १.७.५ परीक्षणको कार्यान्वयन

प्रश्नहरुको विश्लेषणपश्चात् कठिनाइस्तर र विभेददर्शीसूचक भएका ७० ओटा प्रश्नहरु सम्पादन गरिएका छन् । खण्ड 'अ' मा ४० ओटा र 'आ' ३० ओटा प्रश्नहरु रहेका छन् । उक्त प्रश्नहरुलाई सिन्धुली जिल्लाका ४ निजी र ४ सरकारी विद्यालय गरी ८ ओटा विद्यालयहरुबाट १६ जनाका दरले १२८ जना विद्यार्थी छनौट गरी परीक्षा लिइएको छ । उक्त परीक्षाका लागि १ घण्टा समयावधि निर्धारण गरिएको थियो। परीक्षा संचालनपूर्व विद्यार्थीहरुसँग परिचय र पठनपाठनसम्बन्धी सामान्य छलफल पनि गरिएको थियो । परीक्षा संचालन गर्दा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थी सबैलाई परीक्षा लिनुको उद्देश्य, विशुद्ध रुपमा अनुसन्धान गर्नु र पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको स्तरअनुरुप भए नभएको पत्ता लगाउनु हो भन्ने कुरामा जानकारीसमेत गराइएको थियो ।

### १.७.६ तथ्यको सङ्कलन

परीक्षणपश्चात् उत्तर-कुञ्जिका तयार गरी बहुवैकल्पिक प्रश्नको उत्तर र शब्द निर्माण सही गरेमा प्रत्येक उत्तरको २ अङ्क र अन्य सही उत्तरका लागि प्रत्येक उत्तरलाई १ अङ्क दिई पहिचानात्मक/उत्पादनात्मक शब्दभण्डार क्षमताको छुट्टाछुट्टै अङ्कन गरिएको छ । त्यसपश्चात् प्राप्त अङ्कका आधारमा निजी र सरकारी विद्यालयका छात्र, छात्रा, पहिलो भाषा नेपाली हुने र पहिलो भाषा नेपाली नहुने विद्यार्थीका प्राप्ताङ्कलाई वर्गीकरण गरी तालिकीकरण गरिएको छ ।

### १.७.७ तथ्यको विश्लेषण

तथ्यको विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान निकालिएको छ र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरुमध्ये मध्यमानभन्दा तल र माथि कति प्रतिशत छन् भनेर गणना गरिएको छ । त्यसैगरी सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान छुट्टाछुट्टै निकालिएको छ । उक्त उद्देश्यानुसार पुनः उत्पादनात्मक र पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र रुप हेर्न सोही प्रक्रिया अंगालिएको छ । मध्यमानका आधारमा विभिन्न चलहरुको स्थिति पत्ता लगाइएको छ । उच्चतम् तथा न्यूनतम् स्थानमा पर्ने विद्यार्थीहरुको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशतको प्रयोग गरी गणना गरिएको छ ।

उपर्युक्त प्रक्रिया नै अवलम्बन गरी लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा तथ्यको विश्लेषण गरिएको छ ।

उक्त परीक्षणका लागि निम्न सूत्र प्रयोग गरिएको छ :

$$Mean\ (\bar{x}) = \frac{\sum x}{N}$$

यहाँ, $\sum x$ सबै तथ्यको योग

N= जम्मा विद्यार्थी संख्या

$\bar{x}$ = मध्यमान

यहाँ,

मध्यमान

N= जम्मा विद्यार्थी संख्या

मानक विचलन

## १.८ अध्ययनको रुपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित चार अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ :

| | |
|---|---|
| **पहिलो अध्याय** | शोध परिचय |
| **दोस्रो अध्याय** | शब्दभण्डारको सैद्धान्तिक अवधारणा |
| **तेस्रो अध्याय** | व्याख्या तथा विश्लेषण |
| **चौथो अध्याय** | निष्कर्ष, सुझाव र उपयोगिता |
| **सन्दर्भसूची** | |
| **परिशिष्ट** | |

# अध्याय दुई

## शब्दभण्डारको सैद्धान्तिक अवधारणा

यस अध्यायमा शब्दभण्डारको सैद्धान्तिक अवधारणा शीर्षकअन्तर्गत नेपाली भाषा परिचय, नेपाली भाषाको शब्दभण्डार, शब्दभण्डारको वर्गीकरण, शब्दभण्डारको महत्व तथा शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्धलाई उपशीर्षकभित्र राखी चर्चा गरिएको छ ।

### २.१ नेपाली भाषा

मानवीय जीवनमा दैनिक व्यवहार सञ्चालन गर्न मानवद्वारा दैनिक रुपमा प्रयोग गरिने वस्तुलाई भाषा भनिन्छ । मानिसको अन्तरआत्मामा रहेका विविध कुराहरुको प्रकटीकरण गर्ने माध्यम भाषा हो । जीवनका यावत् क्रियाकलाप तथा चिन्तन मननको सबैभन्दा सक्रिय माध्यम पनि भाषा नै हो । भाषा शब्द संस्कृतको 'भाष्' धातुबाट हो । यसको अर्थ बोलिएको वाणी हुन्छ (शर्मा र बराल,२०५२ :२) । यो मानवीय व्यवहारमा प्रयोग गरिन्छ । समाजमा बस्ने मानिसले आफ्नो व्यवहार सञ्चालनका लागि विभिन्न कार्य सम्पन्न गर्न भाषाकै सहयोग लिने गर्दछन् । मानिस सामाजिक प्राणी भएकोले उसलाई आफ्नो विचार अरु समक्ष प्रकट गर्न र अरुको विचार आफूले ग्रहण गर्न भाषाको आवश्यकता पर्दछ । अतः मानिसका सम्पूर्ण सामाजिक व्यवहारहरु भाषाको माध्यमबाट परिचालित हुने गर्दछन् । भाषा विना मानिसले आफ्नो व्यवहार सञ्चालन गर्न सक्दैन । भाषाको अभावमा मानिस एक्लो हुन्छ र कुनैपनि प्रकारका सामाजिक क्रियाकलापहरु सञ्चालन गर्न सक्दैन । त्यसर्थ भाषाले नै मानिसलाई सामाजिक प्राणीको रुपमा स्थापित गराउन सफल भएको कुरा स्पष्ट हुन्छ ।

मानिसका विचार, अनुभूति वा भावनालाई एकआपसमा आदान-प्रदान गर्ने सशक्त माध्यम भाषा भएकाले भाषालाई मानवीय सम्पति मानिन्छ (पूर्ववत्,२०५२:४) । भाषाकै माध्यमबाट मानिसका अनुभव र अनुभूतिहरु एकआपसमा सम्प्रेषण गरिन्छ । समाजमा बस्ने मानिसहरुले एकआपसमा विभिन्न व्यवहार गर्दा भाषाकै प्रयोग गर्दछन् । भाषा विना सामाजिक व्यवहार चल्न सक्दैन । त्यसैले भाषा विना मानव समाजको कल्पना पनि गर्न सकिंदैन । वास्तवमा भाषा विचार विनिमयका निम्ति प्रयोग गरिने जीवन्त र प्रभावकारी एवम् प्रतीकात्मक सङ्केत भएकाले मानवीय जीवनमा भाषाको विशिष्ट भूमिका रहेको हुन्छ ।

भाषा विचार विनिमयको महत्वपूर्ण  माध्यम हो । भाषाको प्रयोग स्पर्श, सङ्केत आदिका माध्यमबाट पनि गरिन्छ तर मानिसका उच्चारण अवयवद्वारा उच्चरित अर्थपूर्ण र सार्थक ध्वनिलाई मात्र भाषाका रुपमा स्वीकारिन्छ ।

भाषा खास प्रयोगका लागि प्रयोग गरिन्छ । प्रयोग गरिएका भाषाले कुनै न कुनै कार्य गरेकै हुन्छ । विशेषतः प्रयोक्ताको अभिप्रायलाई स्रोतासमक्ष पुऱ्याउनु नै भाषाको मुख्य कार्य हो । गतिशील एवम् उन्नत समाजको निर्माणमा भाषाले प्रमुख स्थान ओगटेको हुन्छ । राष्ट्रका आवश्यकता र उपलब्धिका बाटामा आउने चुनौतिहरुको सामनामा पनि भाषाको महत्वपूर्ण स्थान रहन्छ ।

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । यसका साथै बहुसङ्ख्यक नेपालीहरुको मातृभाषा पनि नेपाली भाषा नै हो । नेपाली भाषा नेपाल भित्र मात्र सीमित नरही नेपालबाहिर पनि यसको व्यापक प्रयोग हुने गर्दछ ।

नेपाली भाषाको इतिहासलाई खोतल्ने हो भने भारोपेली परिवारका शतम् वर्ग अन्तर्गत भारत-इरानेलीबाट विकसित, संस्कृत त्यसको खस प्राकृत हुँदै खस अपभ्रंश गढवाली कुमाउँ र खसाम क्षेत्रतिर बोलिंदै आएको नेपाली भाषा ११ औं शताब्दीमा अस्तित्वमा आएको पाइन्छ । ११ औं शताब्दीमा अस्तित्वमा आएको नेपाली भाषाको जन्मथलोको रुपमा कर्णाली प्रदेशको सिञ्जालाई लिइन्छ  र यसको विस्तारको क्रममा यो भाषा काठमाण्डौ उपत्यका हुँदै नेपालभर फैलिएको पाइन्छ । नेपाली भाषाको विकासक्रमलाई हेर्दा विक्रमको ११ औं शताब्दीदेखि हालसम्म झण्डै एकहजार वर्ष लामो यात्रा पार गरिसकेको देखिन्छ । राजा दामुपालद्वारा लेखिएको अभिलेखलाई नेपाली भाषाको पुरानो अभिलेखको रुपमा लिने गरिन्छ । विक्रम सम्वत १०३८ को दैलेखमा रहेको दुल्लू शिलास्तम्भको अभिलेखको भाषा यसप्रकारको छ - 'ओं.....दुमे हुँ.....दामुपाल भुपाल रेष भई । किष्णु अडैयाको भाइ ॥ सडपाल अडै ॥ सा ९०३ ॥' त्यसै गरी प्राचीनकालकै अर्को महत्वपूर्ण अभिलेख अशोक चल्लको वि.सं. १३१२ को 'हाम्रा आलि अटालि अटलकारी अक्रया छु' हो (पूर्ववत्,२०५२:२५) ।

नेपाली भाषाको विकासक्रमलाई मूलतः तीन काल खण्डमा विभाजन गरी अध्ययन गर्न सकिन्छ । १० औं शताब्दीदेखि लगभग १६ औं शताब्दीसम्मको अवधिलाई नेपाली भाषाको प्राचीनकाल भनेर चिनिन्छ(पूर्ववत्,२०५२:२४) ।

१५ औं शताब्दीको अन्त्यतिर खस राज्य स-साना राज्यमा टुक्रिन थाल्यो । पश्चिमबाट खस र प्राचीन नेपाली भाषाका वक्ताहरु पूर्वतिर बढ्ने क्रममा १६ औं शताब्दीसम्म पनि छिमेकी राज्य भारतबाट पहाडी क्षेत्रतिर मानिसहरुको आउने क्रम जारी रह्यो । कसैकसैले वि.सं. १५५५ को धवकर्मठद्वारा लिखित विशेष शाहीको अभिलेखबाट नेपाली भाषाको माध्यमिक काल प्रारम्भ भएको भनेका छन् । खासगरी १६ शताब्दीदेखि १९ औं शताब्दीसम्मको नेपाली भाषालाई माध्यमिककालीन नेपाली भाषा भनिन्छ ।

पमाध्यमिककालको अन्त्यतिर मोतीराम भट्ट र भानुभक्त आचार्यका रचनाहरु छापिन थालेपछि नेपाली भाषाको आधुनिककाल प्रारम्भ भएको हो । विशेषगरी वि.सं. १९५८ सालमा गोरखापत्रको प्रकाशन सुरु भएपछि भाषिक सामग्री विविधता र प्रसारले गर्दा नेपाली भाषामा आधुनिकता आएको मानिन्छ । नेपाली भाषाले मुद्रण युगमा प्रवेश गरेपछि आधुनिक स्वरुप प्राप्त गरेको हो । भुटान, बर्मा आदि विदेशी मुलुकमा पनि फैलिने सु-अवसर पाई हाल नेपाली भाषाले देश विदेशमा आफ्नो प्रभुत्व जमाउन सफल भएको हो(पूर्ववत्,२०५२:३०) ।

हाल नेपालका ६० प्रतिशत जति मानिसले नेपाली भाषा मातृभाषाका रुपमा बोल्ने गर्दछन् । यो भाषा नेपालको साझा सम्पर्कको भाषा बन्नु, राष्ट्रिय-अन्तर्राष्ट्रिय सञ्चार माध्यमको भाषा बन्नु, अनिवार्य र ऐच्छिक भाषाका रुपमा शिक्षा हासिल गर्नुपर्ने शैक्षिक नीति एवम् नेपाल अधिराज्यको संविधान २०४७ मा नेपाली भाषालाई राष्ट्रभाषाको र सरकारी कामकाजको भाषाको रुपमा संवैधानिक मान्यता दिएकोले नेपाली भाषाले स्पष्ट रुपमा आफ्नो वर्चस्व कायम गर्न सफल भएको छ ।

संसारमा बोलिने विभिन्न परिवारका भाषाहरुमध्ये नेपालमा चार परिवारका भाषाहरु बोलिन्छन् । हरेक भाषाको आफ्नै परिवार हुन्छ । २०५८ सालको जनगणनामा नेपालमा ९२ भाषाहरु बोलिन्छन् भनी उल्लेख गरिएको छ । त्यसमध्ये भारोपेली परिवारका र भोटबर्मेली परिवारका भाषा बोल्नेहरुको सङ्ख्या क्रमशः ७९.१ र १८.४ प्रतिशत रहेको छ भने नेपालमा बोलिने मुख्य चार भाषा परिवार निम्न छन्(अधिकारी,२०६२:८२) । :

१. भारोपेली भाषा परिवार

२. भोटबर्मेली भाषा परिवार

३. अग्नेली भाषा परिवार

४. द्रविडेली भाषा परिवार

नेपालमा प्रचलनमा रहेका विभिन्न भाषाहरुमध्ये भारोपेली र भोटबर्मेली परिवारका भाषाहरुको सङ्ख्या अत्यधिक रहेको छ । भारोपेली भाषा परिवार संसारको सबैभन्दा ठूलो भाषा परिवार हो । भाषिक सङ्ख्याका दृष्टिले नेपालमा भोटबर्मेली परिवारको सर्वोच्च स्थान रहेको छ (प्रज्ञाः७९ अङ्क) । भारोपेली भाषा परिवारका धेरै भाषाहरु अन्य परिवारका भाषाभन्दा समृद्ध छन् । यस परिवारअन्तर्गत अंग्रेजी, संस्कृत, रसियन, फ्रेन्च, रुसी, जर्मन आदि जस्ता प्रसिद्ध भाषाहरु समेत पर्दछन् । साहित्यिक दृष्टिले सम्पन्न ल्याटिन, ग्रीक, संस्कृत जस्ता भाषाहरु पनि यसै परिवारभित्र पर्दछन् । भाषा वैज्ञानिक दृष्टिले पनि भारोपेली भाषा परिवार समृद्ध रहेको छ । भाषा, सभ्यता र संस्कृतिका दृष्टिले भारोपेली भाषा अन्य भाषा परिवारभन्दा अगाडि रहेको छ । वैज्ञानिक प्रगति, व्यापकता, साहित्य, राजनीति आदि महत्वपूर्ण क्षेत्रमा अन्य परिवारका भाषाभन्दा यस परिवारका भाषा अगाडि रहेकोले भारोपेली भाषा परिवारका भाषा उत्कृष्ट भाषाका रुपमा चर्चित छ ।

नेपालमा बोलिने भाषाहरुमध्ये भारोपेली भाषा परिवारपछि दोस्रो ठूलो भाषा परिवारका रुपमा भोटबर्मेली भाषा परिवार नै देखिन्छ । १८.४ प्रतिशत व्यक्तिहरुले यस परिवार अन्तर्गतका भाषा बोल्ने गरेको पाइन्छ । यस परिवारका भाषाहरुमा तामाङ्ग, नेवारी, मगर, राई, गुरुङ, थकाली, चेपाङ, भुजेल, जिरेल, थामी, पहरी, शेर्पा, लिम्बु, धिमाल, मेचे, लेप्चा, राजी, बराम्, व्यासी आदि पर्दछन् ।

आग्नेली परिवारका भाषाहरुअन्तर्गत नेपालका झापा र मोरङमा बसोबास गर्ने सतारहरुले बोल्ने सतार भाषा, दक्षिण भारतमा बढी बोलिने द्रविड परिवारका भाषाहरु पूर्वी नेपालको तराईमा बस्ने झाँगडहरुले बोल्ने घाँगड/झाँगड भाषा पर्दछन् । यी दुवै भाषाका कुनैपनि लिखित साहित्य छैन ।

नेपालका अन्य भाषा-भाषीहरुका तुलनामा नेपाली भाषीहरु यस देशका प्रायः सबैजसो भेगमा रहेकाले सामाजिक सम्पर्कका दृष्टिले बढी सुविधामा रहेको देखिन्छ । अन्य भाषाभाषीहरुले आफ्नो मातृभाषाभन्दा बाहिरी समाजसँग सम्पर्क गर्दा नेपाली भाषा कै प्रयोग प्रचुर मात्रामा गरेको पाइन्छ । हाल नेपाली भाषाले नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नै क्षेत्रविस्तार गरिसकेको अवस्था छ । २०५८ सालको जनगणनाअनुसार ४८.६१ प्रतिशत जनताको मातृभाषा नेपाली रहेको देखिन्छ । नेपाली भाषाले राष्ट्रभाषाको रुपमा मान्यता पाएका कारण यो नेपालभित्रका अन्य मातृभाषा हुने व्यक्तिहरुको साझा

सम्पर्क भाषासमेत बन्न पुगेको छ । संवैधानिक मान्यता पाउनु, शिक्षा, संचार र प्रकाशनको माध्यमका रुपमा प्रयोग हुनु, साहित्यिक कृतिहरु प्रकाशन हुनु, नेपाल लगायत भारत, बेलायत र अमेरिका जस्ता देशहरुमा नेपाली भाषामा गहन अध्ययन अनुसन्धान हुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमबाट कार्यक्रम प्रसारण हुनुजस्ता कारणहरुले नेपाली भाषाले अन्तर्राष्ट्रिय मान्यता र व्यापकता प्राप्त गरेको देखिन्छ ।

## २.२. नेपाली भाषाको शब्दभण्डार

स्वतन्त्र रुपमा प्रयोग हुने भाषाको सानो तर अर्थपूर्ण एकाइलाई शब्द भनिन्छ (बराल र नेत्र एटम,२०६२:९) । भाषामा भएका शब्दहरुको समष्टिगत रुप नै शब्दभण्डार हो । यसलाई शब्द ढुकुटीको रुपमा लिन सकिन्छ । संसारका हरेक भाषामा पाइने सम्पूर्ण शब्दहरुको समूहलाई शब्दभण्डार भनिन्छ । नेपाली भाषाको शब्दभण्डार भनेको पनि नेपाली भाषामा भएका सम्पूर्ण शब्दहरुको भण्डार वा ढुकुटी हो । शब्दभण्डारलाई भाषाको निधिका रुपमा लिन सकिन्छ । यी शब्दहरु नेपाली भाषाका शब्दकोशमा संग्रहित छन् । यद्यपि कतिपय वास्तविक शब्दहरु शब्दकोशमा पर्न छुटेका पनि हुन सक्छन् । त्यसैले शब्दकोशमा पर्न छुटेका तर नेपाली जनजिब्रोमा प्रचलित शब्दहरुसहितको समष्टिलाई नेपाली भाषाको शब्दभण्डार भनिन्छ (भण्डारी, २०६०:४६) ।

समाज र भाषा दुवै परिवर्तनशील हुन्छन् । विज्ञान र प्रविधिको विकाससँगै समाज पनि परिवर्तित हुन्छ भने समाज परिवर्तनसँगसँगै भाषामा पनि परिवर्तन र वृद्धि हुनु जरुरी छ । परिवर्तनको शाश्वत सत्यलाई स्वीकार्दै नेपाली भाषाले पनि वर्तमान विश्वमा भएका ज्ञान–विज्ञानका उच्चतम प्राप्तिलाई व्यक्त गर्ने सामर्थ्य आर्जन गर्नु आवश्यक छ (पराजुली, २०५४:९२) । यसका लागि भाषाको आधुनिकीकरण हुनु आवश्यक छ। आधुनिक समाजका विविधता एवम् जटिलतालाई सम्बोधन गर्ने भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण हो । भाषाको आधुनिकीकरण भनेको एक प्रकारको बौद्धिकीकरण पनि हो (अधिकारी, २०६२:७२) । समयको गतिसँगै नयाँनयाँ शब्दहरुलाई भाषामा प्रवेश गराउँदै लैजानु पर्दछ र भाषा जहिले पनि प्रयोक्ताको वैचारिक र बौद्धिक स्तरअनुरुप हुनुपर्दछ । नेपाली भाषाको उपयोग पारस्परिक सद्भाव र एकता बढाउनुका साथै साझा शक्तिलाई दरिलो एवम् भरिलो पार्नु हो । गतिशील र उन्नत समाजको निर्माणमा सदैव भाषाको प्रमुख योगदान रहन्छ ।

नेपाली भाषाको प्रमुख स्रोत नै संस्कृत भाषा भएकाले संस्कृतबाट असङ्ख्य शब्दहरु लिएर नेपाली भाषाको शब्दभण्डार समृद्ध बन्न सकेको छ । यसबाहेक विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषाबाट आएका शब्दहरुले पनि नेपाली भाषाको शब्दभण्डार चुलिएको छ । यसका साथै शिक्षा, संचार र विज्ञान प्रविधिको विकाससँगसँगै नयाँ नयाँ खाले शब्दहरु पनि नेपाली भाषाको शब्दभण्डारमा थपिदै आएका छन् । भाषामा कतिपय पुराना शब्दहरु हराउँदै जाने र तिनबाट नयाँ नयाँ शब्दहरु निर्माण हुँदै जाने प्रक्रिया चलिरहन्छ । सयमको विकास क्रममा कतिपय शब्दहरुको उत्पादन हुँदै जान्छ भने कतिपय आगन्तुक शब्दभण्डारको वृद्धि हुँदै जान्छ । यसरी विभिन्न स्रोतहरुबाट सापटी लिएर वा नलिइ जसरी भएपनि नेपाली भाषामा प्रयोग भएका सम्पूर्ण शब्दहरुको ढुकुटी नेपाली भाषाको शब्दभण्डार हो । नेपाली भाषाको शब्दभण्डार दिनानुदिन बढ्दो क्रममा रहेको छ ।

## २.३ नेपाली शब्दभण्डारको वर्गीकरण

शब्दभण्डारमा रहेका सम्पूर्ण शब्दहरुलाई विभिन्न वर्गमा छुट्याउने कार्य शब्दभण्डारको वर्गीकरण हो । शब्दहरुको वर्गीकरणले भाषाको शब्दभण्डारलाई व्यवस्थित तुल्याउनुका साथै त्यसका प्रयोक्तालाई पनि सरल सुविधा प्रदान गरी भाषा प्रयोगलाई समेत व्यवस्थित बनाइदिन्छ । शब्द वर्गीकरण गर्ने विभिन्न आधारहरु रहका छन् । यसमा विद्वानहरुको मत पनि फरकफरक रहेको देखिन्छ । नेपाली शब्दभण्डारको वर्गीकरण सन्दर्भमा विद्वानहरुले आ-आफ्ना आधारहरु प्रस्तुत गरेका छन् ।


प्रा.डा. हेमाङ्गराज अधिकारीका अनुसार परम्परागत, कार्यगत, रुपात्मक, कोशीय र संरचनात्मक गरी शब्द वर्गीकरणका ४ आधार रहेका छन् (अधिकारी, २०६२:१८) ।

### (क) परम्परागत

परम्परागत व्याकरणमा शब्दहरुलाई नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, संयोजक, विस्मायादिबोधक गरी सामान्यतः आठ वर्गमा विभाजन गरिएको छ । कतै शब्दवर्गभित्र निपातको पनि उल्लेख भेटिन्छ । यस्तो वर्गीकरण प्रायः अर्थका आधारमा गरिएको हुँदा यसलाई अर्थगत वर्गीकरण पनि भनिन्छ ।

### (ख) कार्यगत

शब्दको कार्यलाई दृष्टिगत गर्दा स्थूल रुपमा यिनलाई तीन वर्ग/समूहमा राखेर हेर्न सकिन्छ :





### (ग) रुपात्मक

रुपात्मक दृष्टिले शब्दहरु दुईप्रकारका छन् :

१. अविकारी (रुप परिवर्तन नहुने)

२. विकारी (रुप परिवर्तन हुने)

### (घ) कोशीय र संरचनात्मक




प्रा. मोहनराज शर्माकाअनुसार शब्द वर्गीकरण गर्ने मुख्य पाँच आधार छन् । स्रोत, व्युत्पति, रचना, कार्य, अर्थ (शर्मा, २०६१:५६) । यसमध्ये स्रोतअन्तर्गत मौलिक (तत्सम, तद्भव) र आगन्तुक (स्वदेशी र विदेशी स्रोत) पर्दछन् भने रचनाका आधारमा अव्युत्पन्न (मूल) र व्युत्पन्न पर्दछन् । कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, क्रिया, नामयोगी, संयोजक, विस्मयादिबोध र निपात पर्दछन् ।

रस्तोगी र पाण्डेयद्वयले शब्द वर्गीकरणका सात आधारहरु उल्लेख गरेका छन् :

(क) रचनाका आधारमा – मूल र यौगिक

(ख) स्रोतका आधारमा – तत्सम्, तद्भव, गृहित र देशज

(घ) सक्रियता र निस्क्रियताका आधारमा– अभिव्यक्ति सम्बन्धी शब्दभण्डार र अर्थग्रहणसम्बन्धी शब्दभण्डार


(ङ) प्रयोग विषयका आधारमा– पारिभाषिक, अर्धपारिभाषिक र सामान्य

(च) प्रयोग सीमाका आधारमा – आधारभूत, माध्यमिक र उच्चतम


(छ) अर्थका आधारमा– एकार्थी, समानार्थी, अनेकार्थी र विपरीतार्थी

यसरी विभिन्न आधारहरुमा शब्दको वर्गीकरण गरिएपनि यस अध्ययनको मुख्य सम्बन्ध प्रयोग सीमाको आधारसँग रहेको पाइन्छ (भट्टराई,२०५९:३५) ।

सोमनाथ सिग्द्यालले शब्दको निर्माण प्रक्रियाका आधारमा हेर्दा देखापर्ने शब्दसमष्टिलाई बनोटको आधारमा निम्नानुसार प्रस्तुत गरेका छन् (भण्डारी, २०६०:५४) ।




चूडामणि बन्धुले 'नेपाली भाषाका कार्यमूलक शब्द' शीर्षकको अप्रकाशित लेख वि.सं. २०६० मा भाषिक व्याख्याका लागि कोशीय र कार्यमूलक शब्दकाबीच विभेद छुट्याउने क्रममा आफ्नो वर्गीकरणलाई निम्नानुसार प्रस्तुत गरेका छन् (भण्डारी, २०६०:४९) ।



कोशीय शब्द अर्थवान् हुने र यस्ता शब्दहरु निरन्तर चलिरहने हुँदा शब्द सङ्ख्या असीमित हुन्छन् । त्यसैले यस्ता शब्दहरुको वर्गलाई खुला वा मुक्त वर्ग भनिन्छ । बद्ध वर्गका शब्दले व्याकरणात्मक सम्बन्ध देखाउने र यस वर्गका शब्दमा अन्य भाषाबाट शब्दहरुको आगमन प्रायः नहुने हुँदा यिनको संख्यात्मक विस्तार हुँदैन । शब्दको संख्या पनि सीमित हुन्छ । सुगठित भाषिक प्रयोगका लागि यस्ता शब्दहरुको विशेष महत्व हुन्छ ।

दुर्गाप्रसाद दाहालले शब्द वर्गीकरण गर्ने प्रमुख आधार स्रोत, बनोट, कार्य, अर्थ र प्रयोग रहेको उल्लेख गरेका छन् ।

| | |
|---|---|
| स्रोतका आधारमा– | मौलिक र आगन्तुक शब्द |
| बनोटका आधारमा– | मूल र व्युत्पन्न शब्द |
| कार्यका आधारमा– | नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय शब्द |
| अर्थका आधारमा– | एकार्थी, अनेकार्थी, श्रुति, समभिन्नार्थी, पर्यायवाची र विपरीतार्थी शब्द |
| प्रयोगका आधारमा– | सामान्य र विशिष्ट शब्द (दाहाल, २०६१:३५) । |

यसरी शब्दभण्डारलाई विभिन्न वर्ग तथा उपवर्गमा विभाजन गरिए पनि कार्य, बनोट र स्रोतका आधारमा गरिएको वर्गीकरणलाई बढी प्रयोगमा ल्याइएको पाइन्छ । कार्यअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियाविशेषण, नामयोगी, संयोजक, विस्पयादिबोधक र निपात पर्दछन् भने बनोटअन्तर्गत मूल र व्युत्पन्न शब्द तथा स्रोतअन्तर्गत मौलिक र आगन्तुक शब्द पर्दछन् ।

## २.४ शब्दभण्डारको महत्व

शब्द भाषाको लघुतम एकाइ र भाषाको केन्द्रीय तत्व हो भने शब्दहरुको समूह शब्दभण्डार हो । व्याकरणिक दृष्टिले शब्द रुपभन्दा ठूलो र पदावलीभन्दा सानो भाषिक कार्य सम्पादन गर्ने सबैभन्दा सानो र महत्वपूर्ण एकाइ हो । (कार्की,२०६०:५२) । शब्द भाषाको केन्द्रिय तत्व हो र न्यूनतम भाषिक अर्थयुक्त, स्वतन्त्र एकाइ पनि हो । शब्दले भाषामा अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शब्दविना कुनैपनि भाषिक कार्य सम्पन्न हुन नसक्ने भएकाले शब्दलाई भाषाको प्राण तत्वको रुपमा स्वीकारिन्छ । भाषाशास्त्री चूडामणि बन्धूको शब्दसम्बन्धी धारणालाई नियाल्दा यस्तो पाइन्छ- “शब्द लघुतम मुक्त रुप हो ।

जसमा एक वा एकभन्दा बढी रुप हुन्छन् अर्थात् शब्दमा थोरैमा एउटा मुक्त रुप नै पर्दछ ( भट्टराई, २०५९:३१) ।"

भाषाको महत्वपूर्ण सम्पतिको रुपमा शब्दलाई लिन सकिन्छ । भाषा तथा  भाषाविज्ञानमा पनि शब्दले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । नेपाली भाषाको आफ्नै भाषा ढुकुटी रहेको छ । शब्दविना मानवीय व्यवहार सोच्न पनि सकिंदैन । भाषामा राष्ट्रिय सञ्चारलाई एकीकृत गर्ने र आन्तरिक तथा बाह्य सञ्चारलाई नै प्रकाशित गर्ने शक्ति रहेको हुन्छ । शब्दरुपी प्रकाशको महत्वलाई व्यक्त गर्दै पूर्वीय काव्यशास्त्री दण्डी (इस्वी सम्वत् १९६५) भन्दछन्– 'शब्दले संसारमा व्याप्त अन्धकारलाई हटाई तीनै लोकलाई प्रकाशवान तुल्याइदिन्छ । यदि शब्दरुपी ज्योति नबलेको भए पूरै संसार चौपट्ट अँध्यारो हुन्थ्यो (भट्टराई, २०५९:३४) । शब्द ज्ञानको प्रमुख माध्यम हो । शब्द विना ज्ञान तथा विचार विनिमय हुन सक्दैन । दैनिक व्यवहार, शिक्षण-प्रशिक्षण, विचार-विमर्श, लेखन, अनुसन्धान आदि प्रत्येक क्षेत्रमा शब्दको सर्वोपरि महत्वलाई स्वीकार गर्न सकिन्छ । नेपाली बृहत शब्दकोश (२०४०) मा शब्दावलीको अर्थ- 'कुनै बोली वा भाषामा प्रयुक्त हुने खासखास विषय वा कार्यसित सम्बन्धित शब्दहरुको सूची' भनी दिइएको पाइन्छ (पृष्ठः ११८३) ।

भाषा र भाषामा भएका सम्पूर्ण शब्दहरुको समष्टिगत रुप नै शब्दभण्डार हो । शब्दभण्डारलाई शब्दावली वा शब्द ढुकुटी पनि भनिन्छ । डा. भोलानाथ तिवारी (इस्वी सम्वत १९८२) ले-'कुनै  व्यक्तिको भाषा वा बोलीद्वारा प्रयुक्त हुने अथवा भएका शब्दहरुको समूहलाई शब्दभण्डार भनेका छन् । कुनैपनि भाषामा प्रयोग भएका सम्पूर्ण शब्दहरुको समूह नै त्यस भाषाको शब्दभण्डार हो ।

भाषा र शब्दका बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषा अभिव्यक्तिको सबैभन्दा उत्कृष्ट साधन हो । विज्ञान र प्रविधिको विकाससँगसँगै मानिसले आज जुन उपलब्धिहरु हासिल गरेका छन्, तिनलाई विश्वसामु परिचति गराउने बहुव्यापी र सशक्त माध्यम भाषा नै हो । व्यक्तिमा जति धेरै शब्दभण्डार हुन्छ, त्यति नै धेरै प्रभावशाली विचारहरु पनि हुन्छन् । अतः विद्यालयस्तरीय बालबालिकाहरुलाई नवीनतम ज्ञान तथा प्रभावशाली विचारले सुसज्जित बनाउन शब्दभण्डारलाई नै अधिक सरल र प्रभावपूर्ण माध्यम बनाउन सकिन्छ । सुरुमा बालक समाजबाट ज्ञान प्राप्त गर्छ र विद्यालयको पठनपाठनअनुसार शब्दज्ञानको प्राप्ति कक्षा तथा तहगत रुपमा वृद्धि हुँदै जान्छ । व्यक्तिले आफ्नो जीवनमा

आयु वृद्धिका साथसाथै शब्दभण्डारको पनि विकास गर्दै लैजान्छ । त्यसकारण नेपाली भाषाको शब्दभण्डार व्यापक रुपमा बढ्दै गइरहेको छ जसले गर्दा अन्तर्राष्ट्रिय भाषाहरुसित पनि नेपाली भाषाको सम्पर्क तीव्र रुपमा बढदै गइरहेको छ ।

नेपाली भाषाको क्रमिक विकाससँगसँगै नेपाली भाषामा संस्कृत स्रोतका शब्दहरु थपिदै आएका छन् । यी संस्कृत शब्दहरुले नेपाली भाषाको शब्दभण्डारलाई सुसम्पन्न तुल्याएका छन् । संस्कृतका कतिपय शब्दहरु संस्कृतबाट जस्ताको त्यस्तै रुपमा आएका छन् भने कतिपय शब्दहरु संस्कृतबाट केही मात्रामा रुप फेरिएर आएका छन् । त्यस्तै अन्य भाषाहरुबाट आएका आगन्तुक शब्दहरुले पनि नेपाली भाषाको ढुकुटीलाई व्यापक र समृद्ध बनाएकाले नेपाली भाषा पनि संसारका अन्य कतिपय भाषाका तुलनामा कमजोर अवस्थामा छैन भन्ने तथ्य प्रमाणित हुन्छ (लामिछाने, २०५३:१३६) ।

कुनैपनि भाषालाई स्तरीय एवम् सशक्त बनाउन शब्दभण्डारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली भाषाको गुणस्तर वृद्धि गर्न र भाषालाई समृद्ध बनाउन शब्दभण्डारको विशेष योगदान रहेको हुन्छ । जुन भाषामा जति बढी शब्दभण्डार पाइन्छ र शब्दभण्डारको अध्ययन हुन्छ, त्यो भाषा त्यति नै बढी समृद्ध मानिन्छ । बोध र अभिव्यक्तिका दृष्टिले पनि त्यस्तो भाषालाई सबल मानिन्छ । वास्तवमा शब्दभण्डार पाठ्यपुस्तकको मुटु हो । शब्दभण्डारकै आपसी संयोजन र सङ्गतिबाट भाषा तयार हुन्छ र त्यही भाषाका माध्यमद्वारा बालबालिकाहरुलाई शिक्षित तुल्याइन्छ । त्यसर्थ समग्रमा भन्नुपर्दा विचार विनिमयको एकमात्र सशक्त र प्रभावकारी माध्यम भाषा हो । भाषाको संरचना शब्दभण्डारकै आडमा रहने हुँदा भाषालाई सम्पन्न र सबल बनाउने महत्वपूर्ण भूमिका शब्दभण्डारकै रहने हुँदा भाषामा शब्दभण्डारको सर्वोपरी स्थान रहन्छ ।

## २.५ शब्दभण्डार र भाषा पाठ्यपुस्तकको सम्बन्ध

शब्दभण्डार भाषिक सीपको विकासको महत्वपूर्ण पक्ष हो । भाषापाठ्यपुस्तक भाषिक सीप विकास गर्नका लागि तयार पारिएको आधिकारिक पाठ्यपुस्तक हो । त्यसैले भाषापाठ्यपुस्तकमा शब्दभण्डारको विशिष्ट एवम् महत्वपूर्ण स्थान रहन्छ । शब्दभण्डार विना पाठ्यपुस्तकको कुनै अस्तित्व नै रहन सक्दैन भने उपयुक्त छनोट र स्तरण विना भाषापाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डारले आफ्नो औचित्यलाई साकार रुप दिन सक्दैन ।

अतः भाषापाठ्यपुस्तक र शब्दभण्डारबीच अन्योन्याश्रित सम्बन्ध रहेको कुरा प्रष्ट हुन्छ (अधिकारी तथा शर्मा, २०५६) ।

भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दभण्डार विद्यार्थीको भाषिक पृष्ठभूमि, स्तर र आवश्यकता अनुरुप हुनुपर्दछ । भाषिक बोध र अभिव्यक्तिगत क्षमता विकासका लागि शब्दभण्डार क्षमताको समुचित प्रवर्द्धन र संयोजन पूर्वावश्यक सर्त भएकाले विद्यार्थीहरुको क्षमताभन्दा बाहिरका तथा उनीहरुको प्रयोग कौशलसँग सान्दर्भिक नबनाएर जबर्जस्ती थोपार्न खोज्नुलाई कदापि उचित मान्न सकिदैन (शर्मा तथा पौडेल, २०६०:३६०) ।

भाषापाठ्यपुस्तकको प्रमुख लक्ष्य भाषिक सीपको विकास हो भने भाषिक सीपको प्रमुख माध्यम शब्दभण्डार नै हो । शब्दभण्डारबाट नै भाषापाठ्यपुस्तकको रचना भएको हुन्छ । भाषापाठ्यपुस्तकमा शब्दभण्डार आवृत्ति र तिनको प्रयोग अभ्यासको समुचित व्यवस्था मिलाइएको छैन भने त्यस्तो भाषापाठ्यपुस्तकले विद्यार्थीहरुको शब्दभण्डार क्षमताको विकासमा खासै सहयोग पुऱ्याउन सक्दैन । सुरुमा आधारभूत शब्द र क्रमशः नजानिँदो ढंगले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थी, विपरीतार्थी, पर्यायवाची, अनेकार्थी, एकल (सिङ्गो), संक्षिप्त आदि शब्द आवश्यकता बमोजिम प्रवेश गराउँदै जाने तरिका अँगाल्नु पर्ने हुन्छ (शर्मा तथा पौडेल, २०६०:३६०) ।

भाषा पाठ्यपुस्तकले पढाइको वातावरण निर्माण गर्दछ । त्यसकारण पाठ्यपुस्तकमा शब्दभण्डारको उचित प्रयोग भएन भने उपयुक्त वातावरण नबन्न सक्छ । बीचैमा पढाइ छोड्ने, पढाइप्रति निराश हुने, पढाइमा अपेक्षित उपलब्धि हासिल नगर्नेजस्ता विद्यार्थीहरुका समस्यामा पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डार पनि कारक तत्व बनेको हुन सक्दछ । अतः भाषा पाठ्यपुस्तकमा शब्दभण्डारको प्रयोग अत्यन्त सचेतताका साथ गर्नु आवश्यक देखिन्छ ।

शब्दभण्डार भाषा पाठ्यपुस्तकको स्तरयुक्तता र उपयुक्तताको पहिचान गराउने एउटा महत्वपूर्ण पक्ष  हो (शर्मा तथा पौडेल, २०६०:३६०) ।

भाषा पाठ्यपुस्तका राखिने शब्दभण्डार मूलतः स्तर अनुकूल र विद्यार्थीको पूर्व शैक्षणिक अनुभवमा आधारित हुनुपर्दछ । विद्यार्थीहरुले पहिचान गरेका शब्दभण्डारबाट क्रमिक रुपमा कठिन शब्दहरुको समावेश पाठ्यपुस्तकमा गर्दै लैजानु पर्दछ । भाषा पाठ्यपुस्तकका प्रारम्भिक कक्षाहरुमा प्रयोग गरिने पाठ्यपुस्तकहरुमा नियन्त्रित शब्दभण्डार हुन आवश्यक

छ ।  प्रत्येक कक्षामा बढीमा दस बाह्रभन्दा बढी नयाँ शब्द प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा राखिनु उपयुक्त हुँदैन । नयाँ शब्दहरुको पुनरावृत्ति अघिल्लो पाठहरुमा हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा तद्भव शब्दहरुका आधारमा तत्सम शब्दहरु सिकाउन मिल्ने किसिमले राख्नु पर्दछ । भाषा पाठ्यपुस्तकमा ८० प्रतिशत तल्ला कक्षाहरुमा प्रयोग भइसकेका शब्दहरु नै प्रयोग गर्नु सान्दर्भिक हुन्छ र २० प्रतिशत मात्र नयाँ शब्दहरु यथास्थानमा प्रयोग गरिनु सान्दर्भिक हुन्छ । नयाँ शब्दहरुको वितरण प्रायः सबै पाठहरुमा समानुपातिक ढङ्गबाट गरिनु उचित हुन्छ । केही पाठहरुमा आवश्यकताभन्दा बढी नयाँ शब्दहरु राख्ने  र केहीमा एउटा पनि नयाँ शब्द नराख्ने गर्नु हुँदैन । प्राविधिक र परिभाषिक शब्दरु, श्रुतिसमभिन्नार्थक शब्द, पर्यायवाची शब्द, अनकार्थी शब्दहरु स्तर र आवश्यकताअनुसार सहज र बोधात्मक वाक्य र रचनामा प्रयोग गर्न उपयुक्त हुन्छ ।

भाषापाठ्यपुस्तकको प्रयोजन बालबालिकामा उनीहरुको स्तर, क्षमता र आवश्यकताअनुसार विविध क्षेत्रमा प्रयोग हुने विभिन्न प्रकृतिका शब्द, पदावली तथा वाक्यको ज्ञान, प्रयोग र अभ्यास गराउने रहेको हुन्छ । यसआधारमा भाषा पाठ्यपुस्तक र शब्दभण्डारको सम्बन्ध अत्यन्तै नजिकको देखिन्छ । यिनै विभिन्न तथ्यहरुका आधारमा भाषा पाठ्यपुस्तक र शब्दभण्डार एकअर्काका परिपूरक हुन् भन्न सकिन्छ ।

# अध्याय–तीन

## व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधपत्र सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । अध्ययन विधिअनुसार सिन्धुली जिल्लाका चार निजी र चार सरकारी विद्यालयका १६/१६ जना गरी जम्मा १२८ जना विद्यार्थी छनौट गरी उनीहरुबाट तथ्य संकलन गरी तथ्याङ्कलाई साङ्ख्यिकीय विश्लेषण गरिएको छ । व्याख्या तथा विश्लेषणका लागि मध्यमान, मानकविचलन तथा प्रतिशत जस्ता साङ्ख्यिकीयको उपयोग गरिएको छ । व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार छ :

### ३.१. समग्रताका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति

**तालिका सङ्ख्या : १**

**शब्दभण्डार क्षमताको समग्र स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 128 | 61.89 | 10.79 | 45 | 46.87 | 51 | 53.13 |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुनाको कूल सङ्ख्या १२८ जना रहेको छ । समग्र मध्यमानलाई आधार बनाएर मध्यमान भन्दा माथि रहेका विद्यार्थीलाई सन्तोषजनक र मध्यमानभन्दा तल रहेका विद्यार्थीलाई कमजोर श्रेणीमा वर्गीकरण गर्दा मध्यमानभन्दा तल रहेका विद्यार्थीहरुको सङ्ख्या तुलनात्मक रुपमा बढी नै देखिन्छ । ४६.८७ प्रतिशत मात्र विद्यार्थीहरु मध्यमानभन्दा माथि हुनुलाई सकारात्मक नतिजा मान्न सकिन्न। त्यस्तै मानक विचलनका आधारमा हेर्दा पनि विद्यार्थीहरुको पहिचानात्मक शब्दभण्डार क्षमताको एकरुपता रहेको पाइँदैन ।

## ३.२ समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमताको स्थिति

**तालिका सङ्ख्या : २**

**समग्र मध्यमानका दृष्टिले शब्दभण्डार क्षमतामा विभिन्न समूहहरुको स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२८ | ६१.८९ | **लिङ्ग** | | | | | |
| | | छात्र | 64 | 23 | 47.92 | 25 | 52.08 |
| | | छात्रा | 64 | 25 | 52.08 | 23 | 47.92 |
| | | **विद्यालयको स्वरुप** | | | | | |
| | | निजी | 64 | 30 | 62.5 | 18 | 37.5 |
| | | सरकारी | 64 | 17 | 35 .42 | 31 | 64.58 |
| | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | नेपाली पहिलो भाषा हुने | 60 | 38 | 63.33 | 22 | 36.66 |
| | | नेपाली दोस्रो भाषा हुने | 36 | 15 | 41.66 | 21 | 58.33 |

माथिको तालिकामा जम्मा १२८ जना विद्यार्थीहरु रहेका छन् । समग्र मध्यमान ६१.८९ लाई आधार बनाएर विभिन्न समूहका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको विश्लेषण गरिएको छ ।

लिङ्गगत दृष्टिले समग्र शब्दभण्डार क्षमताको मापन गर्न छात्रतर्फ ६४ र छात्रातर्फ ६४ विद्यार्थीहरु समावेश गरिएको छ । समग्र मध्यमान ६१.८९ प्रतिशतलाई आधार बनाएर विश्लेषण गर्दा छात्रातर्फ २३ अर्थात् ४७.९२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २५ अर्थात् ५२.०८ प्रतिशत छात्राहरु मध्यमानभन्दा तल रहेका छन् । यसरी मध्यमानभन्दा तल र माथि रहेका विद्यार्थीहरुको सङ्ख्यालाई हेर्दा मध्यमानभन्दा तल विद्यार्थीहरुको सङ्ख्या बढी देखिएको हुँदा छात्रतर्फको समग्र शब्दभण्डार क्षमतालाई सन्तोषजनक मान्न

सकिदैन । त्यसैगरी छात्रातर्फ पनि २५ जना अर्थात् ५२.०८ प्रतिशत मध्यमानभन्दा माथि र २३ जना अर्थात् ४७.९२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । छात्रातर्फ छात्रको मध्यमानभन्दा माथि बढी विद्यार्थी देखिएकोले तुलनात्मक रुपमा छात्राहरुको शब्दभण्डार क्षमता राम्रो रहेको कुरा स्पष्ट हुन्छ ।

विद्यालयको स्वरुपका आधारमा शब्दभण्डार क्षमता परीक्षण गर्नका लागि सरकारी र निजी विद्यालयका ६४/६४ जना विद्यार्थीहरु समावेश गरिएको थियो । समग्र मध्यमान ६१.८९ लाई आधार बनाएर विश्लेषण गर्दा विद्यालयका ३० जना अर्थात् ६२.५ प्रतिशत मध्यमानभन्दा माथि र १८ जना अर्थात् ३७.५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । यसरी हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेकाले समग्र शब्दभण्डार क्षमता राम्रो देखिन्छ । सरकारी विद्यालयतर्फको नतिजा हेर्दा १७ जना अर्थात् ३५.४२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ३१ जना अर्थात् ६४.५८ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता निजी विद्यालयका विद्यार्थीहरुको तुलनामा कमजोर रहेको प्रमाणित हुन्छ । त्यसैले सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता सन्तोषजनक मान्न सकिंदैन ।

भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने ६० जना र नेपाली दोस्रो भाषा हुने ३६ जना विद्यार्थीहरु परीक्षामा संलग्न  गराइयो। समग्र मध्यमान ६१.८९ प्रतिशतलाई आधार बनाएर व्याख्या गर्दा पहिलो भाषा नेपाली हुनेतर्फ ३८ जना अर्थात् ६३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २२ जना अर्थात् ३६.६६ प्रतिशत विद्यार्थीहरु तल रहेको देखिनु समग्र शब्दभण्डारमा यस समूहका विद्यार्थीहरुको क्षमता सन्तोषजनक नै देखिन्छ । यसैगरी नेपाली दोस्रो भाषा हुनेलाई १५ जना अर्थात् ४१.६६ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २१ जना अर्थात् ५८.३३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेकाले नेपाली पहिलो भाषा हुने तुलनामा यस समूहका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको देखिन्छ । नेपाली पहिलो भाषा हुने विद्यार्थीको तुलनामा नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर हुनु पारिवारिक वातावरण, शिक्षण क्रियाकलाप, वर्णविन्यासगत त्रुटि आदि कारण जिम्मेवार रहेको अनुमान लगाउन सकिन्छ ।

## ३.३ पहिचानात्मक तथा उत्पादनात्मक शब्दभण्डार क्षमताको स्थिति

**तालिका सङ्ख्या : ३**

**पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र स्थिति :**

| कूल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 128 | 36.97 | 2.58 | 54 | 56.25 | 42 | 43.75 |

उपर्युक्त तालिकाअनुसार पहिचानात्मक शब्दभण्डार क्षमता पहिल्याउन प्रतिनिधि नमुनाका रुपमा १२८ जना विद्यार्थीहरु समावेश गरिएको छ । पहिचानात्मक शब्दभण्डारको मात्र मध्यमान ३६.९७ र मानक विचलन २.५८ रहेको छ । समग्र मध्यमानलाई आधार बनाएर मध्यमानभन्दा माथिका विद्यार्थीहरुलाई सन्तोषजनक र तलका विद्यार्थीहरुलाई कमजोर वर्गमा श्रेणीबद्ध गर्दा ५४ जना अर्थात् ५६.२५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ४२ जना अर्थात् ४३.७५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि र तलको अन्तरलाई हेर्दा मध्यमानभन्दा माथि बढी विद्यार्थीहरु रहेकाले पहिचानात्मक शब्दभण्डार क्षमतालाई सन्तोषजनक नै मान्न सकिन्छ ।

**तालिका सङ्ख्या : ४**

**समग्र मध्यमानका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति**

| कूल सङ्ख्या | समग्र मध्यमान | लिङ्ग | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १२८ | ३६.९७ | **लिङ्ग** | | | | | |
| | | छात्र | 64 | 21 | 43.75 | 27 | 56.25 |
| | | छात्रा | 64 | 27 | 56.25 | 21 | 43.75 |
| | | **विद्यालयको स्वरुप** | | | | | |
| | | सरकारी | 64 | 30 | 62.5 | 18 | 37.5 |
| | | निजी | 64 | 36 | 75 | 12 | 25 |
| | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | नेपाली पहिलो भाषा हुने | 60 | 36 | 60 | 24 | 40 |
| | | नेपाली दोस्रो | 36 | 16 | 44.44 | 20 | 55 .55 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भाषा हुने | | | | | |

माथिको तालिकामा जम्मा १२८ जना विद्यार्थीहरु संलग्न छन् । पहिचनात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान ३६.९७ लाई आधारविन्दु मानेर विभिन्न समूहका विद्यार्थीहरुको शब्दभण्डार क्षमता केलाउँदा निम्न तथ्य रहेको पाइन्छ ।

लिङ्गगत दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमताको मापन गर्न छात्रतर्फ ६४ र छात्रातर्फ पनि ६४ जना विद्यार्थीहरु समावेश गरियो । समग्र मध्यमान ३६.९७ लाई आधारविन्दु बनाएर विश्लेषण गर्दा छात्रतर्फ २१ जना अर्थात् ४३.७५ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दामाथि र २७ जना अर्थात् ५६.२५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । ४३.७५ प्रतिशत मात्र विद्यार्थीहरु मध्यमानभन्दा माथि रहनुले पहिचानात्मक शब्दभण्डार क्षमतामा छात्रहरुको क्षमता कमजोर रहेको देखिन्छ । छात्रातर्फ चाँहि २७ जना आर्थत् ५६.२५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २१ जना अर्थात् ४३.२५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । तुलनात्मक रुपमा मध्यमानभन्दा माथि रहने छात्राहरुको सङ्ख्या बढी देखिनुले छात्राहरुको पहिचनात्मक शब्दभण्डार क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ ।

विद्यालयको स्वरुपलाई अध्ययन गर्दा पहिचाननात्मक शब्दभण्डार क्षमताको पहिचान गर्नका लागि सरकारी र निजी विद्यालयका ६४/६४ जना विद्यार्थीहरु नमुनाका रुपमा लिइएको थियो । जसअनुसार सरकारी विद्यालयतर्फ ३० जना अर्थात् ६२.५ प्रतिशत विद्यार्थीहरु समग्रमध्यमानभन्दा माथि र १८ जना अर्थात् ३७.५ प्रतिशत विद्याथीहरु मध्यमानभन्दा तल रहेका छन् । यसबाट पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी विद्यालयका विद्यार्थीहरुको क्षमता सन्तोषजनक रहेको पुष्टि हुन्छ । निजी विद्यालयतर्फ ३६ जना अर्थात् ७५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र १२ जना अर्थात् २५ प्रतिशत विद्यार्थीमात्र मध्यमानभन्दा तल रहेका छन् । उक्त तथ्यलाई दृष्टिगत गर्दा निजी विद्यालयका विद्यार्थीहरुको पहिचानात्मक शब्दभण्डार क्षमता उत्कृष्ट रहेको देखिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषा हुने ६० जना र नेपाली दोस्रो भाषा हुने ३६ जना विद्यार्थीहरु परीक्षणमा संलग्न थिए । पहिचानात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान ३६.९७ लाई आधारविन्दु बनाएर तथ्याङ्कको विश्लेषण गर्दा नेपाली पहिलो भाषा

हुनेतर्फ ३६ जना अर्थात् ६० प्रतिशत मध्यमानभन्दा माथि र २४ जना अर्थात् ४० प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले पहिचानात्मक शब्दभण्डार पहिलो भाषा हुनेहरुको क्षमता सन्तोषजनक मान्न सकिन्छ भने नेपाली दोस्रो भाषा हुनेतर्फ १६ जना अर्थात् ४४.४४ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २० जना अर्थात् ५५.५५ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथिका विद्यार्थीहरुको सङ्ख्या न्यून रहेकाले नेपाली दोस्रो भाषा हुनेहरुको पहिचानात्मक शब्दभण्डार क्षमता कमजोर रहेको प्रमाणित हुन्छ ।

**तालिका सङ्ख्या : ५**

**उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र स्थितिः**

| कूल विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 128 | 24.56 | 1.98 | 44 | 45 .83 | 52 | 54.17 |

माथिको तालिकामा उत्पादनात्मक शब्दभण्डार क्षमताको पहिचान गर्नका लागि १२८ जना विद्यार्थीहरु प्रतिनिधि नमुनाका रुपमा लिइएको छ । उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान २४.५६ रहेको छ भने मानक विचलन १.९८ रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा ४४ अर्थात् ४५.८३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र ५२ जना अर्थात् ५४.१७ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकोले उत्पादनात्मक शब्दभण्डारमा विद्यार्थीहरुको क्षमता कमजोर रहेको देखिन्छ ।

### तालिका सङ्ख्या : ६
### समग्र मध्यमानका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहको स्थिति :

| कूल सङ्ख्या | समग्र मध्यमान | लिङ्ग | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | | **लिङ्ग** | | | | | |
| १२८ | २४.५६ | छात्र | 64 | 25 | 52.08 | 23 | 47.92 |
| | | छात्रा | 64 | 23 | 47.92 | 25 | 52.08 |
| | | **विद्यालयको स्वरुप** | | | | | |
| | | सरकारी | 64 | 26 | 54.17 | 22 | 45 .83 |
| | | निजी | 64 | 19 | 39.58 | 29 | 60.42 |
| | | **भाषिक पृष्ठभूमि** | | | | | |
| | | नेपाली पहिलो भाषा हुने | 60 | 38 | 63.33 | 22 | 36.67 |
| | | नेपाली दोस्रो भाषा हुने | 36 | 19 | 52.77 | 17 | 47.23 |

प्रस्तुत तालिकामा १२८ जना विद्यार्थीहरु प्रतिनिधि नमुनाका रुपमा लिइएको छ । उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान २४.५६ लाई आधार बनाएर समूहगत रुपमा विद्यार्थीहरुको शब्दभण्डार क्षमता विश्लेषण गर्दा निम्न  तथ्य रहेको पाइन्छ ।

लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमताको परीक्षणका क्रममा छात्र र छात्राको सङ्ख्या क्रमशः ६४/६४ रहेको छ । समग्र मध्यमान २४.५६ लाई आधार बनाएर विश्लेषण गर्दा छात्रतर्फ २५ जना अर्थात् ५२.०८ प्रतिशत मध्यमानभन्दा माथि र २३ अर्थात् ४७.९२ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । यसरी मध्यमानभन्दा माथि विद्यार्थी सङ्ख्या केही मात्र बढी रहेकोले उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषनजक नै मान्न सकिन्छ । छात्रातर्फ २३ जना अर्थात् ४७.९२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दामाथि र २५ जना अर्थात् ५२.०८ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेकाले छात्राहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता कमजोर रहेको स्पष्ट हुन्छ ।

विद्यालयको स्वरुपको आधारमा उत्पादनात्मक शब्दभण्डार क्षमताको परीक्षणमा सरकारी र निजी विद्यालयका क्रमशः ६४/६४ जना विद्यार्थीहरुलाई नमुनाका रुपमा लिइएको छ । समग्र मध्यमान २४.५६ लाई आधारविन्दु बनाएर तुलना गर्दा सरकारी विद्यलायका २६ जना अर्थात् ५४.१७ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २२ जना अर्थात् ४५.८३ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । तुलनात्मक रुपमा मध्यमानभन्दा माथि रहने विद्यार्थी सङ्ख्या बढी देखिएकोले सरकारी विद्यालयका विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषजनक नै मान्न सकिन्छ । निजी विद्यालय तर्फ १९ जना अर्थात् ३९.५८ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २९ जना अर्थात् ६०.४२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यलाई दृष्टिगत गर्दा बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा तल रहेकाले निजी विद्यालयका विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता कमजोर रहेको स्पष्ट हुन्छ ।

भाषिक पृष्ठभूमिलाई आधार मानेर हेर्दा उत्पादनात्मक शब्दभण्डार क्षमताको परीक्षणमा नेपाली पहिलो भाषा हुने र दोस्रो भाषा हुने विद्यार्थीहरुको सङ्ख्या क्रमशः ६० र ३६ जना रहेको छ । उत्पादनात्मक शब्दभण्डार क्षमताको समग्र मध्यमान २४.५६ लाई आधारविन्दु बनाएर विश्लेषण गर्दा नेपाली पहिलो भाषा हुनेतर्फ ३८ जना अर्थात् ६३.३३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा माथि र २२ जना अर्थात् ३६.६७ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेका छन् । यस आधारमा हेर्दा बहुसङ्ख्यक विद्यार्थीहरु मध्यमानभन्दा माथि रहेकाले पहिलो भाषा नेपाली हुने विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषजनक रहेको मान्न सकिन्छ । नेपाली दोस्रो भाषा हुनेतर्फ १९ जना अर्थात् ५२.७७ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि र १७ जना अर्थात् ४७.२३ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल रहेका छन् । यस तथ्यबाट नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता सन्तोषजक नै मान्न सकिन्छ ।

## ३.४. शब्दभण्डार क्षमतामा विभिन्न समूहहरुको तुलनात्मक स्थिति :

**तालिका सङ्ख्या : ७**

**सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको समग्र शब्दभण्डार क्षमताको तुलना :**

| विद्यालयको स्वरुप | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सरकारी | 64 | 58.77 | 2.96 |
| निजी | 64 | 65 .02 | 2.88 |

उपर्युक्त तालिकाअनुसार सरकारी विद्यालयका ६४ र निजी विद्यालयका ६४ जना विद्यार्थीहरु परीक्षणमा संलग्न छन् । सरकारी विद्यालयको मध्यमान ५८.७७ र मानक विचलन २.९६ रहेको छ । निजी विद्यालयको मध्यमान ६५.०२ र मानक विचलन २.८८ प्रतिशत रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको देखिन्छ । मानक विचलनका आधार पनि निजी विद्यालयका विद्यार्थीहरु कमै विचलित भएको देखिन्छ ।

**तालिका सङ्ख्या : ८**

**लिङ्गगत दृष्टिले समग्र शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरुको तुलना:**

| विद्यालयको स्वरुप | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सरकारी | 32 | 60.17 | 3.12 |
| निजी | 32 | 63.5 | 2.97 |

उपर्युक्त तालिकाअनुसार शब्दभण्डार क्षमताको विश्लेषण सरकारी र निजी विद्यालयको ३२/३२ जना छात्रहरु संलग्न छन् । तालिकाअनुसार सरकारी विद्यालयका छात्रहरुको मध्यमान ६०.१७ र मानक विचलन ३.१२ रहेको छ । निजी विद्यालयतर्फका छात्रहरुको

मध्यमान ६३.५ र मानक विचलन २.९७ रहेको छ । मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा निजी विद्यालयका विद्यार्थीहरुकै शब्दभण्डार क्षमता अगाडि रहेको देखिन्छ । मानक विचलनमा पनि निजी विद्यालयका विद्यार्थीहरुको मानक विचलन कम देखिन्छ । अतः सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका छात्रहरुको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

**तालिका सङ्ख्या : ९**

**लिङ्गगत दृष्टिले समग्र शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरुको तुलना :**

| विद्यालयको स्वरुप | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|
| सरकारी | 32 | 57.37 | 3.18 |
| निजी | 32 | 66.5 | 3.10 |

उपर्युक्त तालिकाअनुसार सरकारी र निजी विद्यालय तर्फका ३२/३२ जना छात्राहरुलाई परीक्षणमा संलग्न गराइएको छ । सरकारी विद्यालयका छात्राहरुको मध्यमान ५७.३६ र मानक विचलन ३.१८ रहेको छ । निजी विद्यालयका छात्राहरुको मध्यमान ६६.५ र मानक विचलन ३.१० रहेको छ । उक्त तथ्यलाई दृष्टिगत गर्दा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका छात्राहरुको शब्दभण्डार क्षमता उच्च रहेको कुरा स्वतः पुष्टि हुन्छ । मानक विचलनका आधारमा पनि निजी विद्यालयका छात्राहरुको विचलन कम देखिएको छ । अतः छात्र र छात्रा दुवैलाई निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता पर्याप्त र सन्तोषजक रहेको प्रमाणित हुन्छ ।

**तालिका सङ्ख्या : १०**

**भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमतामा पहिलो भाषाका रुपमा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलनात्मक अध्ययन :**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानकविचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली पहिलो भाषा हुने | 30 | 60.02 | 14.59 |
| निजी | नेपाली पहिलो भाषा हुने | 30 | 54.02 | 15 .25 |

प्रस्तुत तालिकामा सरकारी र निजी विद्यालयका नेपाली पहिलो भाषा हुने विद्यार्थीहरु क्रमशः ३०/३० जना संलग्न छन्। नेपाली पहिलो भाषा हुने सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान ६०.०२ र मानक विचलन १४.५९ रहेको छ । त्यस्तै निजी विद्यालयतर्फका विद्यार्थीहरुको मध्यमान ५४.०२ र मानक विचलन १५.२५ रहेको छ । यस तथ्यलाई विश्लेषण गर्दा नेपाली पहिलो भाषा हुने सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता अगाडि रहेको देखिन्छ । मानक विचलनका आधारमा पनि सरकारी विद्यालयका विद्यर्थीहरुको विचलन कम रहेको देखिन्छ ।

**तालिका सङ्ख्या : ११**

**भाषिक पृष्ठभूमिका दृष्टिले समग्र शब्दभण्डार क्षमताको दोस्रो भाषाको रुपमा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना :**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानकविचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली दोस्रो भाषा हुने | 18 | 46.27 | 5 .01 |
| निजी | नेपाली दोस्रो भाषा हुने | 18 | 35 .36 | 9.47 |

उपर्युक्त तालिकामा नेपाली दोस्रो भाषा हुने सरकारी विद्यालयका १८ र निजी विद्यालयका १८ जना विद्यार्थीहरु संलग्न छन् । नेपाली दोस्रो भाषा हुने सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान ४६.२७ र मानक विचलन ५.०१ रहेको छ । त्यसैगरी निजी विद्यालयतर्फका विद्यार्थीहरुको मध्यमान ३५.३६ र मानक विचलन ९.४७ रहेको छ । यस तथ्यलाई विश्लेषण गर्दा दोस्रो भाषाका रुपमा नेपाली बोल्नेहरुमा भने सरकारी विद्यालयकै विद्यार्थीहरु अगाडि रहेका छन् । मानक विचलनलाई पनि सरकारी विद्यालयका विद्यार्थीहरु कम विचलित देखिएका छन् ।

## ३.५ समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलनात्मक स्थिति :

**तालिका सङ्ख्या : १२**

**समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना :**

| विद्यालयको स्वरुप | विद्यार्थी सङ्ख्या | मध्यमान | मानकविचलन |
|---|---|---|---|
| सरकारी | 64 | 33.41 | 3.21 |
| निजी | 64 | 40.54 | 2.77 |

उपर्युक्त तालिकामा पहिचानात्मक शब्दभण्डार क्षमताको परीक्षणमा सरकारी र निजी विद्यालयका ६४/६४ जना विद्यार्थीहरु संलग्न छन् । सरकारी विद्यालयतर्फका विद्यार्थीहरुको मध्यमान ३३.४१ र मानक विचलन ३.२१ रहेको छ भने निजी विद्यालयतर्फका विद्यार्थीहरुको मध्यमान ४०.५४ र मानक विचलन २.७७ रहेको छ ।

मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता उच्च रहेको प्रमाणित हुन्छ । मानक विचलनका आधारमा पनि निजी विद्यालयका विद्यार्थीहरु कम विचलित देखिन्छन् ।

**तालिका सङ्ख्या : १३**

**लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरुको तुलना :**

| विद्यालयको स्वरुप | लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | छात्र | 32 | 25 .67 | 4.43 |
| निजी | छात्र | 32 | 23.35 | 6.35 |

माथिको तालिकामा सरकारी र निजी विद्यालयका ३२/३२ जना विद्यार्थीहरु छन् । जसमा सरकारी विद्यालयका छात्रहरुको मध्यमान २५.६७ र मानक विचलन ४.४३ रहेको छ भने निजी विद्यालयका छात्रहरुको मध्यमान २३.३५ र मानक विचलन ६.३५ रहेको छ । यहाँ सरकारी विद्यालयका छात्रहरुको मध्यमान उच्च रहेकाले ती विद्यार्थीहरु पहिचानात्मक

शब्दभण्डार क्षमतामा अगाडि देखिन्छन् । मानक विचलनका आधारमा पनि सरकारी विद्यालयकै छात्रहरु कम विचलित रहेकाले पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी विद्यालयका छात्रहरु नै सबल देखिन्छन् ।

**तालिका सङ्ख्या : १४**

**लिङ्गगत दृष्टिले समग्र पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरुको तुलना :**

| विद्यालयको स्वरुप | लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | छात्रा | 32 | 30.12 | 6.74 |
| निजी | छात्रा | 32 | 37.56 | 4.43 |

लिङ्गगत आधारमा पहिचानात्मक शब्दभण्डार क्षमताको परीक्षणमा सरकारी र निजी विद्यालयका ३२/३२ जना विद्यार्थीहरु छन् । उपर्युक्त तालिकाअनुसार सरकारी विद्यालयका छात्राहरुको मध्यमान ३०.१२ र मानक विचलन ६.७४ रहेको छ । त्यसैगरी निजी विद्यालयका छात्राहरुको मध्यमान ३७.५६ र मानक विचलन ४.४३ रहेको छ । यहाँ निजी विद्यालयका छात्रहरुको मध्यमान उच्च रहेकाले ती विद्यार्थीहरु पहिचानात्मक शब्दभण्डार क्षमतामा अगाडि देखिन्छन् । मानक विचलनका आधारमा पनि सरकारी विद्यालयकै छात्रहरु कम विचलित रहेकाले पहिचानात्मक शब्दभण्डार सरकारी विद्यालयका छात्रहरु सबल देखिन्छ ।

**तालिका सङ्ख्या : १५**

**भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली पहिलो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना :**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली पहिलो भाषा हुने | 30 | 23.36 | 7.63 |

| | | | | |
|---|---|---|---|---|
| निजी | नेपाली पहिलो भाषा हुने | 30 | 25 .62 | 6.28 |

उपर्युक्त तालिकामा पहिचानात्मक शब्दभण्डार क्षमताको तुलनाका लागि नेपाली पहिलो भाषा हुने सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरु समावेश गरिएको छ । नेपाली पहिलो भाषा हुने सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान २३.३६ र मानक विचलन ७.६२ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान २५.६३ र मान विचलन ६.२८ रहेको छ । यस तथ्याङ्कको आधारमा मध्यमानलाई आधारविन्दु बनाएर विश्लेषण गर्दा निजी विद्यालयका नेपाली पहिलो भाषा हुने विद्यार्थीहरुको पहिचानात्मक शब्दभण्डार क्षमतामा सक्षम देखिएका छन् । त्यसैगरी मानक विचलनका आधारमा पनि निजी विद्यालयका विद्यार्थीहरु नै कम विचलित देखिएकाले पहिलो भाषा नेपाली हुने निजी विद्यालयका विद्यार्थीहरु सरकारी विद्यालयका तुलनामा सक्षम रहेको पुष्टि हुन्छ ।

**तालिका सङ्ख्या : १६**

**भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली दोस्रो भाषा हुने | 18 | 23.22 | 7.56 |
| निजी | नेपाली दोस्रो भाषा हुने | 18 | 25 .33 | 5 .18 |

उपर्युक्त तालिकामा पहिचानात्मक शब्दभण्डार क्षमताको तुलनाका लागि नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका १८/१८ जना विद्यार्थीहरु समावेश गरिएको छ । दोस्रो भाषा नेपाली हुने सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान २३.२२ र मानक विचलन ७.५६ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान २५.३३ र मान विचलन ५.१८ रहेको देखिन्छ । यस तथ्यलई विश्लेषण गर्दा निजी विद्यालयका नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरुको पहिचानात्मक शब्दभण्डार क्षमता सन्तोषजनक रहेको स्पष्ट हुन्छ ।

## ३.६ समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलनात्मक स्थिति :

**तालिका सङ्ख्या : १७**

**समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना :**

| विद्यालयको स्वरुप | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन प्रतिशत |
|---|---|---|---|
| सरकारी | 64 | 19.33 | 6.13 |
| निजी | 64 | 20.25 | 5 .57 |

उपर्युक्त तालिकामा उत्पादनात्मक शब्दभण्डार क्षमताको तुलना गर्नको लागि सरकारी र निजी विद्यालयका ६४/६४ जना विद्यार्थीहरु परीक्षणका क्रममा संलग्न छन् । सरकारी विद्यालयतर्फको मध्यमान १९.३३ र मानक विचलन ६.१३ रहेको छ भने निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान २०.२५ र मानक विचलन ५.५७ रहेको छ। मध्यमानलाई आधार बनाएर विश्लेषण गर्दा सरकारी विद्यालयको विद्यार्थीको तुलनामा उत्पादनात्मक शब्दभण्डार क्षमतामा पनि निजी विद्यालयकै विद्यार्थीहरुको परिणाम सन्तोषजनक रहेको देखिन्छ । मानक विचलनलाई आधार बनाएर हेर्दा पनि निजी विद्यालयकै विद्यार्थीहरु कम विचलित देखिन्छन् ।

**तालिका सङ्ख्या : १८**

**लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरुको शब्दभण्डार क्षमताको तुलना :**

| विद्यालयको स्वरुप | लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | छात्र | 32 | 31.33 | 4.13 |
| निजी | छात्र | 32 | 33.45 | 4.00 |

उपर्युक्त तालिकामा लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमता मापन गर्नका लागि सरकारी र निजी विद्यालयका ३२/३२ जना छात्रहरु संलग्न छन् । सरकारी तर्फका छात्रहरुको मध्यमान ३१.३३ र मानक विचलन ४.१३ रहेको छ । त्यसैगरी निजी विद्यालयतर्फका छात्रहरुको मध्यमान ३३.४५ र मानक विचलन ४.०० रहेको छ ।

मध्यमान र मानक विचलन दुवैलाई आधार बनाएर विश्लेषण गर्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा पनि निजी विद्यालयकै छात्रहरुको शब्दभण्डार क्षमता सन्तोषजनक रहेको कुरा प्रमाणित हुन्छ ।

**तालिका सङ्ख्या : १९**

**लिङ्गगत दृष्टिले समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरुको शब्दभण्डार क्षमताको तुलना :**

| विद्यालयको स्वरुप | लिङ्ग | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | छात्रा | 32 | 29.13 | 4.17 |
| निजी | छात्रा | 32 | 30.18 | 3.98 |

उपर्युक्त तालिकामा लिङ्गगत दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमता मापन गर्नका लागि सरकारी र निजी विद्यालयका ३२/३२ जना छात्राहरु संलग्न छन् । सरकारी तर्फका छात्राहरुको मध्यमान २९.१३ र मानक विचलन ४.१७ रहेको छ । त्यसैगरी निजी विद्यालयतर्फका छात्राहरुको मध्यमान ३०.१८ र मानक विचलन ३.९८ रहेको छ । यस तथ्यलाई मध्यमान र मानक विचलन दुवैलाई आधार बनाएर विश्लेषण गर्दा उत्पादनात्मक शब्दभण्डार क्षमतामा पनि निजी विद्यालयका छात्राहरुको शब्दभण्डार क्षमता उच्च रहेको स्पष्ट हुन्छ ।

**तालिका सङ्ख्या : २०**

**भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा पहिलो भाषा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलनाः**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली पहिलो भाषा हुने | 30 | 21.95 | 5 .16 |
| निजी | नेपाली पहिलो भाषा हुने | 30 | 23.21 | 5 .11 |

उपर्युक्त तालिकाअनुसार भाषिक पृष्ठभूमिका दृष्टिले पहिलो भाषाका रुपमा नेपाली बोल्ने विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता मापन गर्न सरकारी र निजी विद्यालयका ३०/३० जना विद्यार्थीहरु समावेश गरियो । जसअन्तर्गत सरकारीतर्फका विद्यार्थीहरुको मध्यमान २१.९५ र मानक विचलन ५.१६ रहेको छ । त्यसैगरी निजी विद्यालयतर्फका

विद्यार्थीहरुको मध्यमान २३.२१ र मानक विचलन ५.११ रहेको छ । उपर्युक्त तथ्याङ्कलाई मध्यमान तथा मानक विचलनका आधारमा विश्लेषण गर्दा निजी विद्यालयको नतिजा सन्तोषजनक रहेको प्रमाणित हुन्छ ।

**तालिका सङ्ख्या : २१**

**भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको तुलना :**

| विद्यालयको स्वरुप | भाषिक पृष्ठभूमि | विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन |
|---|---|---|---|---|
| सरकारी | नेपाली दोस्रो भाषा हुने | 18 | 21.33 | 7.33 |
| निजी | नेपाली दोस्रो भाषा हुने | 18 | 22.65 | 6.11 |

उपर्युक्त तालिकामा नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका १८/१८ जना विद्यार्थीहरु समावेश गरिएको छ । सरकारी विद्यालयतर्फको मध्यमान २१.३३ र मानक विचलन ७.३३ रहेको छ भने निजी विद्यालयतर्फको मध्यमान २२.६५ र मानक विचलन ६.११ रहेको छ । यस तथ्यलाई मध्यमान र मानक विचलनको आधारमा विश्लेषण गर्दा निजी विद्यालयको विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता सबल रहेको पुष्टि हुन्छ ।

# अध्याय चार

## निष्कर्ष,सुझाव र उपयोगिता

### ४.१ निष्कर्ष

सिन्धुली जिल्लाका कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डारसम्बन्धी क्षमताको यस अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

१. मध्यमानलाई आधार मानी समग्र शब्दभण्डार क्षमताको विश्लेषण गर्दा ४७ प्रतिशत विद्यार्थी मात्र मध्यमानभन्दा माथि रहेकाले समग्र शब्दभण्डार क्षमता सन्तोषजनक मान्न सकिंदैन ।

२. लिङ्गगत दृष्टिले समग्र शब्दभण्डार क्षमतालाई हेर्दा छात्रतर्फ ५२ प्रतिशत विद्यार्थीहरु मध्यमानभन्दा तल तथा छात्रातर्फ ४८ प्रतिशत मात्र मध्यमानभन्दा तल रहेकाले छात्रहरुको तुलनामा छात्राहरुको शब्दभण्डार क्षमता सबल देखिन्छ। त्यसैगरी सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको तुलना गर्दा  निजी विद्यालयका बहुसंख्यक विद्यार्थीहरुको नतिजा मध्यमान भन्दा उच्च रहेकाले सरकारी विद्यालयको विद्यार्थीहरुको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता उच्च रहेको सावित हुन्छ ।

   भाषिक पृष्ठभूमिका दृष्टिले नेपाली पहिलो भाषा हुने बहुप्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि र नेपाली दोस्रो भाषा हुने बहुप्रतिशत विद्यार्थीहरु मधयमानभन्दा तल देखिन्छन् । त्यसर्थ नोपली पहिलो भाषा हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता सन्तोषजनक देखिन्छ भने नेपाली दोस्रो भाषा हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहेको प्रमाणित हुन्छ ।

३. पहिचानात्मक शब्दभण्डार क्षमतामा ५६.२५ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेकाले विद्यार्थीहरुको शब्दभण्डार क्षमता राम्रो रहेको देखिन्छ ।

४. पहिचानात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहका विद्यार्थीहरुको क्षमतालाई विश्लेषण गर्दा छात्रको तुलनामा छात्राहरुको क्षमता राम्रो देखिन्छ । सरकारी र निजी विद्यालयका विद्यार्थीहरुमध्ये सरकारी क्षेत्रका ६२.५० र निजी क्षेत्रका ७५ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेका छन् । यस तथ्यका आधारमा निजी

विद्यालयका विद्यार्थीहरुको पहिचानात्मक शब्दभण्डार क्षमता केही उच्च देखिन्छ । यसैगरी भाषिक पृष्ठभूमिका दृष्टिले बहुसङ्ख्यक विद्यार्थीहरु पहिलो भाषाका रुपमा नेपाली बोल्नेहरुको सङ्ख्या उच्च रहेकाले नेपाली पहिलो भाषा हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता सबल र नेपाली दोस्रो भाषा हुने विद्यार्थीको शब्दभण्डार क्षमता कमजोर रहेको देखिन्छ ।

५. उत्पादनात्मक शब्दभण्डार क्षमतामा ५२ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा तल रहेकाले विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता निकै कमजोर रहेको देखिन्छ ।

६. उत्पादनात्मक शब्दभण्डार क्षमतामा विभिन्न समूहका विद्यार्थीहरुको विश्लेषण गर्दा छात्रहरुको मध्यमान भन्दा माथि ५२ प्रतिशत रहेकाले छात्राको तुलनामा छात्रको उत्पादनात्मक शब्दभण्डार क्षमता उच्च देखिन्छ भने छात्राहरुको मध्यमान भन्दा माथि ४८ प्रतिशत मात्र सङ्ख्या देखिएकोले छात्राहरुको उत्पादनात्मक शब्दभण्डार क्षमता कमजोर देखिन्छ । सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमताको तथ्य हेर्दा सरकारी विद्यालयका ५४ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेका र निजी तर्फ ४८ प्रतिशत मात्र विद्यार्थीहरु मध्यमान भन्दा माथि रहेकाले विद्यार्थीहरु सबल देखिन्छन् भने त्यसैगरी भाषिक पृष्ठभूमिका दृष्टिले पहिलो भाषा नेपाली बोल्ने विद्यार्थीहरु ६३ प्रतिशत भन्दा माथि र दोस्रो भाषाका रुपमा नेपाली बोल्ने विद्यार्थीहरु ५३ प्रतिशत भन्दा तल देखिएकाले उत्पादनात्मक शब्दभण्डार क्षमतामा पहिलो भाषा नेपाली हुने विद्यार्थीहरुको क्षमता उच्च र दोस्रो भाषाको रुपमा नेपाली बोल्नेहरुको क्षमता निम्न रहेको स्पष्ट हुन्छ ।

७. विद्यालयको स्वरुपको आधारमा समग्र शब्दभण्डार क्षमता हेर्दा निजी विद्यालयका ६५ प्रतिशत विद्यार्थीहरु मध्यमान भन्दा माथि र सरकारी विद्यालयका ५९ प्रतिशत मात्र मध्यमान भन्दा माथि रहेकाले निजी विद्यालयकै विद्यार्थीहरुको शब्दभण्डार क्षमता सबल देखिन्छ ।

समग्र शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयकै विद्यार्थीहरुको मध्यमान बढी देखिन्छ । त्यस्तै मानक विचलन पनि निजी विद्यालयकै कम देखिएकाले छात्रतर्फ निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता सबल देखिन्छ ।

८. सरकारी निजी विद्यालयका छात्रहरुको समग्र शब्दभण्डार क्षमता हेर्दा मध्यमान र मानक विचलन दुबै दृष्टिले निजी विद्यालयका विद्यार्थीहरुको क्षमता सरकारी विद्यालयको तुलनामा उच्च रहेको स्पष्ट हुन्छ ।

९. सरकारी र निजी विद्यालयका छात्राहरुको समग्र शब्दभण्डार क्षमता हेर्दा मध्यमान र मानक विचलन दुवै कोणबाट निजी विद्यालयका छात्राहरु सक्षम भएको प्रमाणित हुन्छ ।

१०. भाषिक पृष्ठभूमिका आधारमा समग्र शब्दभण्डार क्षमताको तथ्याङ्क हेर्दा नेपाली पहलिो भाषा हुने विद्यार्थीहरुमा सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान अधिक पाइन्छ । मानक विचलनका आधारमा पनि सरकारी विद्यालयका पर्षहिलो भाषा नेपाली हुने विद्यार्थीहरुमा कम विचलन देखिएको छ । यसबाट नेपाली पहिलो भाषा हुने सरकारी विद्यालयका विद्यार्थीहरुमा शब्दभण्डार क्षमता बढी सबल रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

११. नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुमा पनि मध्यमान र मानक विचलनलाई दृष्टिगत गर्दा सरकारी विद्यालयका विद्यार्थीहरुकै शब्दभण्डार क्षमता अगाडि रहेको देखिन्छ ।

१२. समग्र पहिचानात्मक शब्दभण्डारसम्बन्धी क्षमतामा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयक विद्यार्थीहरु अगाडि रहेको देखिन्छ ।

१३. पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरुको बीचमा सरकारी विद्यालयका विद्यार्थीहरुको मध्यमान २५.६७ र निजी विद्यालयका विद्यार्थीहरुको मध्यमान २३.३५ रहेकाले सरकारी विद्यालयका छात्रहरुको पहिचानात्मक शब्दभण्डार क्षमता सबल देखिन्छ ।

१४. पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरुको तुलना गर्दा मध्यमानमा निजी विद्यालयका छात्राहरु अगाडि देखिन्छन् ।

१५. भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका नेपाली पहिलो भाषा हुने विद्यार्थीहरुको बीचमा तुलना गर्दा निजी विद्यालयका विद्यार्थीहरु अगाडि देखिन्छन् । मध्यमान र मानक विचलन दुबैलाई दृष्टिगत गरी विश्लेषण गर्दा निजी विद्यालयकै विद्यार्थीहरु पहिचानात्मक शब्दभण्डार क्षमतामा सक्षम देखिन्छन् ।

१६. भाषिक पृष्ठभूमिका दृष्टिले पहिचानात्मक शब्दभण्डार क्षमतामा नेपाली दोस्रो भाषा हुने सरकारी र निजी विद्यालयका विद्यार्थीहरु बीचमा तुलना गर्दा निजी विद्यालयका विद्यार्थीहरु अगाडि देखिन्छन्। मध्यमान र मानक विचलन दुबैतर्फ निजी विद्यालयका दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरुको शब्दभण्डार क्षमता सन्तोषजनक देखिन्छ ।

१७. समग्र उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुबीचमा मध्यमान र मानक विचलन दुबै आधारमा निजी विद्यालयका विद्यार्थीहरु नै सक्षम देखिन्छन् ।

१८. उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्रहरुको बीचमा तुलनात्मक विश्लेषण गर्दा निजी विद्यालयका छात्रहरुको उत्पादनात्मक क्षमता सामान्यतः उच्च रहेको देखिन्छ ।

१९. उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका छात्राहरुको बीचमा तुलनात्मक विश्लेषण गर्दा निजी तर्फका विद्यार्थीहरु नै अगाडि रहेको देखिन्छ ।

२०. भाषिक पृष्ठभूमिका दृष्टिले उत्पादनात्मक शब्दभण्डार क्षमतामा सरकारी र निजी विद्यालयका नेपाली पहिलो भाषा हुने विद्यार्थीहरुमा पनि निजी विद्यालयकै नतिजा उत्तम रहेको देखिन्छ भने सरकारी विद्यालयको नतिजा कमजोर देखिन्छ ।

२१. भाषिक पृष्ठभूमका दृष्टिले दोस्रो भाषाका रुपमा नेपाली बोल्ने सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको उत्पादनात्मक शब्दभण्डार क्षमतामा पनि केही मात्रामा निजी विद्यालयका विद्यार्थीहरु नै अगाडि देखिन्छन् ।

## ४.२. सुझाव

प्रस्तुत अध्ययन पाठ्यपुस्तकबाट सिकेका शब्दभण्डारमा मात्र सीमित रहेकाले कक्षा सात उत्तीर्ण विद्यार्थीहरुको नेपाली भाषामा समग्र शब्दभण्डार क्षमता आंकलन गर्न सकिएको छैन । तर पनि यस अध्ययनबाट के स्पष्ट छ भने सिन्धुली जिल्लाका कक्षा आठ उत्तीर्ण विद्यार्थीहरुको शब्दभण्डार क्षमता सन्तोषप्रद छैन । त्यसमा पनि निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर छ । यस कारण पाठ्यपुस्तक निर्माणमा सरकारी र निजी विद्यालयकहरुका अवस्था, नेपाली भाषा पहिलो भाषा हुने र दोस्रो भाषा हुनेहरुबीचको दूरी, सामाजिक संरचना, भूबनौट एवम् शैक्षिक वातावरण जस्ता सम्पूर्ण कुराहरुलाई मध्यनजर गरी तहगत एवम् कक्षागत रुपमा शब्दहरुको उपयुक्त चयन गरी पाठ्यपुस्तक निर्माण गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । शब्दभण्डार सम्बन्धी समस्याहरुको निराकरणका खातिर निम्न कुराहरुलाई ध्यानमा राख्नु जरुरी छ :

१. भाषा पाठ्यपुस्तक एवम् पाठ्यक्रममा पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने दुबै स्तरका विद्यार्थीहरुलाई ध्यानमा राखी शब्दहरु चयन गरिनु पर्दछ,

२. विद्यार्थीहरुको रुचि, क्षमता, उमेर र भाषिक वातावरणलाई ध्यानमा राखी पाठ्यपुस्तक निर्माण गर्नु उचित हुनेछ,

३. भाषिक व्यवहारलाई सक्षम तुल्याउन सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार ओटै भाषिक सीपको विकासमा जोड दिई भाषा पाठ्यपुस्तकमा उपयुक्त शब्दभण्डार समावेश गराउनु पर्दछ,

४. दैनिक व्यवहारमा प्रयोग हुने र पूर्व शैक्षणिक अनुभवसँग सम्बन्धित शब्दहरुको चयनमा विशेष ध्यान दिनु जरुरी छ,

५. शब्दभण्डारसम्बन्धी भाषाको शिक्षण गर्दा प्रयोग हुने सामग्रीहरुको निर्माण र प्रयोगमा ध्यान दिन सकिएमा पठनपाठन प्रभावकारी हुने देखिन्छ,

६. सरकारले नेपालीलाई लक्ष्य भाषाको रुपमा सिक्ने सिकारुहरुका लागि विशेष व्यवस्था गर्नुपर्छ,

७. निजी र सरकारी दुबै स्तरका शिक्षकहरुलाई समान किसिमको तालिमको व्यवस्था गरी पठनपाठनमा एकरुपता ल्याउनुपर्छ,

८. पाठ्यपुस्तकका शब्दहरुको चयन गर्दा छनौट र स्तरणको सिद्धान्तलाई ध्यानपूर्वक प्रयोग गर्नुपर्ने हुन्छ,

९. शब्दभण्डार भाषाको आधारभूत व्यवहारिक पक्ष भएकाले विद्यार्थीहरुमा समान विकास गर्नका लागि शब्द भण्डारको प्रयोगपक्षमा जोड दिनुपर्छ,

१०. निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमता कमजोर रहनुमा शिक्षकहरुको निस्क्रियता प्रमुख देखिएकोले सक्रिय भई अध्यापन कार्यमा जुट्नु जरुरी देखिन्छ,

११. नेपाली भाषा नेपालको राष्ट्रभाषा भएकाले नेपाली भाषा पाठ्यपुस्तकलाई पूर्णतः शुद्ध र स्पष्ट बनाउनु पर्दछ,

१२. नेपाली विषयलाई हेयका दृष्टिले हेरी काम चलाउ रुपमा अन्य विषय शिक्षकले पनि पढाउन सक्छन् भन्ने मानसिकता हटाउनुपर्छ,

१३. भाषा शिक्षणमा विषय विशेषज्ञ वा विषय शिक्षकलाई नै शिक्षण गर्न दिनु पर्ने कुरामा सम्बन्धित सबैले ध्यान दिनु जरुरी छ ।

## ४.३ उपयोगिता

विद्यार्थीहरुको भाषिक क्षमताको वृद्धिमा शब्दभण्डारले प्रभावकारी भूमिका खेल्दछ । यसैसँग सन्दर्भित प्रस्तुत शोध अध्ययनको उपयोगिता स्वतः सिद्ध हुन्छ । उपयोगितालाई केही हदसम्म निष्कर्ष र सुझावले समेटे पनि नीतिगत र प्रयोगगत तहबाट सारका रुपमा प्रष्ट्याउनु सान्दर्भिक नै ठहर्छ ।

### ४.३.१ नीतिगत तह

नेपाली भाषालाई पहिलो र दोस्रो भाषाका रुपमा प्रयोग गर्ने विद्यार्थीहरूलाई आधार बनाएर पाठ्यक्रम र पाठ्यपुस्तक बनाउनु पर्छ । यसैगरी तह,कक्षा र भाषिक पृष्ठभूमिलाई आधार बनाएर शब्दहरू चयन गरिनुपर्दछ । शिक्षणीय आवश्यकतालाई ध्यान दिई सोहीअनुसारका

शब्द निर्माण गरी पाठ्यसामग्री तयार गरिनु उपयुक्त देखिन्छ । नेपाली भाषाप्रतिको नकारात्मक दृष्टिलाई कम गर्दै लाने वातावरण बनाउनु उपयुक्त देखिन्छ ।

### ४.३.२ प्रयोगगत तह

दक्ष तथा तालिम प्राप्त शिक्षकको व्यवस्था गरी शुद्ध र स्तरीय शब्दको प्रयोगलाई व्यवहारमा पनि  लागू गर्नुपर्ने देखिन्छ । सरकारी र निजी विद्यालयमा समान पाठ्यक्रम लागू गर्दै एकरुपता कायम गर्नु जरुरी देखिन्छ ।

## ४.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु :

१. छनोट र स्तरणका दृष्टिले कक्षा सातको हाम्रो नेपाली किताबको विश्लेषण

२. कक्षा सात पूरा गरेका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन

३. सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन

४. नेपाली दोस्रो भाषा हुने माध्यमिक तहका विद्यार्थीहरुको नेपाली शब्दभण्डार क्षमताको अध्ययन ।

५. शब्दभण्डार छनौट तथा स्तरणका दृष्टिले माध्यमिक स्तरीय पाठ्यक्रमको मूल्याङ्कन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०५९), **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

......................(२०६२),**समसामयिक नेपाली व्याकरण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार

......................(२०६२),**सामाजिक तथा प्रायोगिक भाषाविज्ञान** ,काठमाडौंः रत्न पुस्तक भण्डार

......................(२०६२), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५६), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, केशवराज (२०६०), कक्षा **आठ पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन,** अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

अर्याल, अन्जु (२०६२), **कक्षा सात पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन,** अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि. काठमाडौँ ।

आचार्य, होमप्रसाद (२०५४), **कक्षा ५ पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध अध्ययन** अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि.कीर्तिपुर ।

कार्की, बद्रीकुमार (२०६०), **नेपाली निष्कर्ष व्याकरण**, काठमाडौँः प्रकाशक (लेखक स्वयम्) ।

ढुङ्गेल, भोजराज तथा दुर्गाप्रसाद दाहाल (२०५६), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्दति,** एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, काठमाडौँ ।

पराजुली, कृष्णप्रसाद (२०६७),**भाषाको माया**, काठमाण्डौः रत्नपुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (२०४६), **राष्ट्र भाषा**, काठमाडौंः : साझा प्रकाशन ।

पौडेल, राधा (२०६२), **कक्षा छ पूरा गरेका विद्यार्थीहरुको शब्दभण्डार क्षमताको अध्ययन,** अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि. काठमाडौँ ।

पौडेल, कृष्णविलास (२०६१), **भाषा विज्ञान**, काठमाडौंः साझा प्रकाशन ।

बन्धु चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौंः रत्नपुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०५९), **निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुको आधारमानेपाली शब्दावलीको अध्ययन,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. ।

.....................(२०५३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण**, काठमाडौँ: न्यु हिराबुक्स ।

............... र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ: पिनाकल पब्लिकेसन ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय (२०६५), **हाम्रो नेपाली किताब**, कक्षा आठ, सानोठिमी : पाठ्यक्रम विकास केन्द्र ।

यादव, योगेन्द्र भिमनारायण रेग्मी (२०५८), **भाषा विज्ञान**, काठमाडौँ: न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

रेग्मी, चूडामणि उपाध्याय (२०४७), **नेपाली भाषा उत्पत्ति**, काठमाडौँ: साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद तथा माधवप्रसाद पौडेल (२०६०), **नेपाली साहित्य शिक्षण**, कीर्तिपुर: न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०६१), **शब्दरचना, वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र पाठहरु,** काठमाडौँ : नवीन प्रकाशन

शर्मा,मोहनराज र कृष्णहरि बराल(२०५२).**भाषा विज्ञान र नेपाली भाषा**,काठमाडौँ :नवीन प्रकाशन

श्रेष्ठ, अशोधा कुमारी (२०६७),**कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन** अप्रकाशित एम.एड. शोधपत्र, त्रि.वि.कीर्तिपुर ।